# तिलोत्तमा नगरपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

**नगर कार्यपालिकाको कार्यालय**

मणिग्राम, रुपन्देही, प्रदेश नं. ५

नेपाल

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *तिलोत्तमा नगरपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **तयार गर्ने :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौ* |
| **मिति :** | *२०७६* |

**कृतज्ञता ज्ञापन**

*तिलोत्तमा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगरपालिकाका प्रमुख श्री वासुदेव घिमिरे, उपप्रमुख श्रीमती जागेश्वर देवी चौधरी, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सापकोटा तथा  कार्यपालिकाका सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिलगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***एस.डि.आई.सि. परिवार***

# विषय सूची

**परिच्छेद – १**

**कार्ययोजनाको परिचय ........................................................................ 7**

१.१ कार्ययोजनाको बारेमा ........................................................................7

१.२ राजस्व सुधार योजनाको परिचय ........................................................................7

१.३ कार्ययोजनाको उद्देश्य ........................................................................8

१.४ कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया........................................................................8

*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........................................................................8*

*१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास........................................................................8*

*१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला........................................................................9*

*१.४.४ तथ्यांक/सूचना संकलन........................................................................10*

*१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी........................................................................10*

*१.४.६ मस्यौदा कार्ययोजना पेश ........................................................................10*

*१.४.७ कार्ययोजना लाई अन्तिम रुप प्रदान तथा पेश ........................................................................10*

१.५ अध्ययनको सीमा........................................................................11

**परिच्छेद – २**

**नगरपालिकाको संक्षिप्त परिचय ........................................................................ 12**

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........................................................................12

२.२ नगरपालिकाको मानवीय संसाधन........................................................................15

२.३ नगरपालिकाको भौतिक सम्पत्ति ........................................................................16

**परिच्छेद – ३**

**स्थानीय तहको राजस्व अधिकार ........................................................................ 17**

२.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........................................................................17

३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........................................................................20

*३.३.१ कर राजस्व........................................................................22*

*३.३.२ गैरकर राजस्व........................................................................30*

**परिच्छेद – ४**

**आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........................................................................ 40**

४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना ........................................................................40

४.२ विगतको आय परिचालनको अवस्था........................................................................41

४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ........................................................................44

४.५. राजस्व परिचालनमा रहेका सवालहरू........................................................................44

**परिच्छेद – ५**

**राजस्व सुधार कार्ययोजना ........................................................................ 47**

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ........................................................................47

**परिच्छेद – ६**

**आगामी तीन वर्षको आय प्रक्षेपण.................................................................. 53**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ..........................................53

६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ...........................................................56

**परिच्छेद – ७**

**निष्कर्ष तथा सुझाव.................................................................................... 61**

७.१ निष्कर्ष तथा सुझाव.......................................................................................61

७.२ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन.........................................................61

**अनुसूचीहरू.............................................................................................. 63**

अनुसूची १ : सन्दर्भ सामग्रीहरू ..............................................................................64

अनुसूची २ : तथ्यांक⁄सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ............................65

अनुसूची ३ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ...............................74

# तालिकाको सूची

टर्ँणश+ १म ;ट्घ+ ;+शणघ् +]णल ..................................................................... 10
टर्ँणश+ २म घु/खर्ँणश+श+ शड{+/लश्र□श+] ँझझ/)+ .................................................. 15
टर्ँणश+ ३म ु+फ+खर्ँणश+श+] छ+गटँ/श छ+ौ खँ/+णघश+] झट{ड+घ छझःभ+ ...................... 20
टर्ँणश+ ४म #/थु+ झश्र+ण श/श+] ;दै+जौट+ ँझझ/)+ ...................................................... 26
टर्ँणश+ ५म जौझ;+ौ श/श+] ;दै+जौट+ ँझझ/)+ ................................................................ 27
टर्ँणश+ ६म खौ{घ ज्ञ”नशश+] ;दै+जौट+ ँझझ/)+ ........................................................... 34
टर्ँणश+ ७म /+थःझ ख/+डज्ञ{ ;डँट ........................................................................... 40
टर्ँणश+ ८म घु/खर्ँणश+श+] श”ण छ+ौ ;+/घ+ ................................................................. 43
टर्ँणश+ ९म श/ /+थःझ ;”क्ष+/ श+ौ{ौ+]थघ+ ................................................................. 47
टर्ँणश+ १०म छ+ु+डल छ+=झ=श्र□श+ ण+ुँ /+थधझ खौ+]ख)+श+ छ+क्ष+/श्र□ ...................... 53
टर्ँणश+ ११म,+ण” छ+=झ=श+] छघ’ड+घ टभ+ छ+ु+डल ३ छर्ँभ{श झ+{श+] छ+ौ खौ+]ख)+ ........................................................................................................................ 56
टर्ँणश+ १२म खौ+ँ]खट छ+ौ ;+/घ+ ........................................................................ 61

# परिच्छेद – १
# कार्ययोजनाको परिचय

## १.१ कार्ययोजनाको बारेमा

नगरपालिकाको विद्यमान राजस्व अवस्थामा सुधार गर्ने तथा आगामी तीन वर्षसम्मको राजस्व प्रक्षेपण गर्ने कार्यलाई सहयोग पुऱ्याउन विज्ञ संस्थाको प्राविधिक सहयोगमा तिलोत्तमा नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तयार गरेको हो । यस प्रतिवेदनमा तिलोत्तमा नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपणसमेत गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा उक्त कार्यहरूको अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ । यस कार्ययोजनामा निम्न विषय वस्तुहरूलाई समेटिएको छ ।

१. राजस्व सुधार कार्ययोजनाको परिचय
२. नगरपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको परिचय

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

तिलोत्तमा नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी यो कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको प्रमुख उपलब्धीका रुपमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै

नगरपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ ।

## १.३ कार्ययोजनाको उद्देश्य

तिलोत्तमा नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना र विद्यमान समस्याहरूको विश्लेषण गरी सुधारका क्रियाकलाप पहिचान गर्न र सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पु¥याउनु नै यस कार्ययोजना तयारी गर्नुको मुलभूत उद्देश्य हो । यस कार्ययोजनाका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरू, वडा सचिवहरु, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय प्रक्षेपण एवम् आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

## १.४ कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया

कार्ययोजना तयारी गर्ने कार्य नगरपालिकाका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी र वडा सचिवहरू सहितको सहभागितामा कार्यशाला आयोजना गरी सम्पन्न गरिएको थियो । त्यसबाहेक, सरोकारवालाहरूसँगको अन्तरक्रिया तथा सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफलजस्ता विधिहरूबाट कार्ययोजना तयारीका लागि थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । प्रतिवेदनका लागि आवश्यक सूचना नगरपालिकाको कार्यालयमा रहेका राजस्व शाखा, लेखा शाखा, योजना शाखा, नक्सा शाखा, प्रशासन शाखालगायत अन्य शाखा र एकाइहरुबाट संकलन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसँग छलफल गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### *१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास*

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदातृ संस्थाले अन्य स्थानीय तहहरुमा गरेको अभ्यास समेतलाई मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला*

नगरपालिकामा प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न नगरपालिका परिवारको लागि उपयुक्त समय तय भएपछि प्राविधिक परामर्शदाता टोली चैत ८ गते तिलोत्तमा आइपुगेको थियो । नगरपालिकाका प्रमुख पदाधिकारीहरूसँग भएको छलफल र समझदारी अनुरुप २०७५ चैत ९ गते विहान ९ बजेदेखि बेलुकी पाँच बजेसम्म राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । कार्यशाला गोष्ठीमा नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, नगरपालिकाका शाखा प्रमुखहरू, वडा सचिव तथा कार्यालय सहायकहरू लगायत सहजकर्ता टोली सहित कुल ६९ जनाको सहभागिता रहेको थियो, जसमध्ये महिला सहभागिको संख्या १५ र पुरुष सहभागीहरूको संख्या ५४ रहेको थियो ।

कार्यशाला गोष्ठीको शुभारम्भ सत्रमा मन्तव्य व्यक्त गर्दै नगरपालिका प्रमुख श्री वासुदेव घिमिरेले सामान्यतया राजस्व वृद्धिमा यथोचित ध्यान दिने परिपाटी कम भएको तथा सम्भाव्य सबै क्षेत्रमा राजस्व संकलन गर्न नसकिएको परिवेशमा राजस्व सुधार कार्ययोजनाले कर तथा गैरकरको दर तथा दायरा सम्बन्धमा यथार्थपरक विश्लेषण गरी नगरपालिकाको कुल राजस्वको आकार पहिचान गरी राजस्वका दरहरुलाई सान्दर्भिक बनाउन सक्ने अपेक्षा व्यक्त गर्नु भएको थियो । कार्यशाला गोष्ठीमा स्वागत मन्तव्य व्यक्त गर्दै प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद सापकोटाले स्थानीय तहमा धेरै जिम्मेवारी रहेको, जिम्मेवारीका तुलनामा स्रोतको कमी रहेको, धेरै ध्यान खर्चमा रहेको तर कसरी आय वृद्धि गर्न सकिन्छ भन्ने सम्बन्धमा कम ध्यान पुग्ने गरेको र सानो प्रयासमा पनि ठूलो राजस्व संकलन गर्न सक्ने अवसर भएकाले तिलोत्तमा नगरपालिकालाई जीवन्त र उदीयमान नगरका रुपमा स्थापित गर्न पर्याप्त आन्तरिक राजस्व वृद्धि गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व वृद्धिमा योगदान पुऱ्याउने धारणा व्यक्त गर्नु भएको थियो । शुभारम्भ सत्रको सञ्चालन राजस्व अधिकृत श्री इन्द्रदत्त सापकोटाले गर्नुभएको थियो । शुभारम्भ सत्र सम्पन्न भएपछि प्राविधिक टोलीलाई कार्यशाला सञ्चालनका लागि बाँकी सत्रहरू सञ्चालनको जिम्मा दिइएको थियो ।

कार्यशाला गोष्ठीको प्रारम्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्रोत परिचालन समन्वय शाखाका उपसचिव श्री विष्णुदत्त गौतमले स्थानीय तहको राजस्व अधिकार तथा राजस्व सुधार कार्ययोजनाको आवश्यकता र औचित्यका सम्बन्धमा विषयवस्तुको प्रस्तुतिसहित सत्र सहजीकरण गर्नुभएको थियो । परामर्शदातृ संस्थाका तर्फबाट श्री पवन लोहनीले कर तथा गैरकरका सैद्धान्तिक र व्यवहारिक विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरण सत्र सम्पन्न भएपश्चात् सहभागीहरुलाई निम्न तीन समूहमा विभाजन गरी राजस्व सुधार कार्ययोजनाका आधारभूत विषयवस्तुमा छलफल गरी तयार पारिएको समूह कार्यलाई *प्लेनरी*मा प्रस्तुती र छलफल गरी निष्कर्ष सहित कार्यशालाको समापन गरिएको थियो ।

| समूह | समूह कार्यको शीर्षक/क्षेत्र | समूह संयोजक र सदस्यहरुको नामावली |
|---|---|---|
| समूह १. | कर राजस्व सुधार योजना | समूह संयोजकः कृष्ण प्रसाद पौडेल, सदस्यहरु : जे.पी. कँडेल, गायत्री पाण्डेय, राधा शाही, श्यामकुमारी गौतम, भगवती तिवारी |
| समूह २. | गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत) | संयोजकः चेतनारायण भण्डारी, समूह सदस्यहरु : व्यासमुन चौधरी, मिस्सु शाही, भगवती अर्याल, सीता घिमिरे, दामोदर पोखरेल, केशरी शर्मा, मनिषा खनाल |
| समूह ३. | राजस्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय) | संयोजक : दधिराम गौतम, समूह सदस्यहरु : हर्ख रम्तेल, सहदेव चौधरी, गीता सापकोटा, दुर्गा प्रसाद श्रेष्ठ, होम बहादुर बस्नेत, सरस्वती भण्डारी |

कार्यशाला समापनको अवसरमा उपप्रमुख श्री जागेश्वरी चौधरीले यस कार्ययोजनाको तर्जुमाबाट नगरपालिकाको आन्तरिक आय वृद्धिमा ठोस सुधारको अपेक्षा गर्दै सहभागी सबैलाई धन्यवाद व्यक्त गर्नु भएको थियो । त्यसअघि कार्ययोजनाका लागि आवश्यक सूचना संकलन गर्न निम्नानुसारको चार सदस्यीय टोली गठन गरिएको थियो :

**ट+ँणश+ ९म ;'घ+ ;+शणघ‸ +]णल**

| क्र.सं. | नाम, पद | समिति जिम्मेवारी |
|---|---|---|
| १. | इन्द्रदत्त सापकोटा, राजस्व अधिकृत | संयोजक |
| २. | दामोदर पोखरेल, लेखा अधिकृत | सदस्य |
| ३. | सुदिप ढकाल, कम्प्युटर अधिकृत | सदस्य |
| ४. | विष्णु बराल | सदस्य |

### *१.४.४ तथ्यांक/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसँग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन एवम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित समितिले आवश्यक तथ्यांकहरू संकलन गरी प्राविधिक टोलीलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :

- राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- नगरपालिकाको वस्तुगत विवरण
- कर्मचारी विवरण तथा संगठन संरचना (organogram)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### *१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी*

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामाग्री एवम् प्रतिवेदनहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.४.६ मस्यौदा कार्ययोजना पेश*

राजस्व सुधार कार्ययोजनाको यो मस्यौदा आवश्यक सुझाव तथा सल्लाहका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नगरपालिका समक्ष पेश गरिएको थियो ।

### *१.४.७ कार्ययोजना लाई अन्तिम रुप प्रदान तथा पेश*

उल्लेखित मस्यौदा प्रतिवेदनमाथि विभिन्न सरकोवाला पक्षहरुबाट प्राप्त सल्लाह तथा सुझावहरु समावेश गरि राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरि नगरपालिका समक्ष पेश गरिउको छ ।

## १.५. अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन निम्नानुसार रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्यका लागि प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्वन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य गर्न समय र स्रोतको सिमितता रहेको र परामर्श सेवाको कार्यक्षेत्रगत शर्तमा समाबेश नभएकोले संभव भएन ।

- संघीय तथा प्रदेश सरकारसँग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था स्पष्ट नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद – २
# नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको आय परिचालनसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले नगरपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

तिलोत्तमा नगरपालिका प्रदेश नं. ५ का दुई ठूला शहरहरु बुटवल र भैरहवाका बीचमा अवस्थित छ । यो नगरपालिकाको पूर्वमा देवदह नगरपालिका, पश्चिममा सियारी गाउँपालिका र सुद्धोधन गाउँपालिका उत्तरमा ५ नं. प्रदेशको सदरमुकाम बुटवल र दक्षिणमा ओमसतिया गाउँपालिका पर्दछ । यो नगरपालिका २७°३३' उत्तरदेखि २७°३९' उत्तरी अक्षांश र ८३°२५' देखि ८३°३३' पूर्वी देशान्तरमा अवस्थित छ । समुद्री सतहभन्दा १६० देखि १७५ मिटर सम्मको उचाइमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल १२६.२ वर्ग कि.मि. रहेको छ जसमा औसत लम्बाई १२.५ कि.मि. र औसत चौडाई १०.१ कि.मि. छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिका क्षेत्रको घरधुरी संख्या २१९५७ र जनसंख्या १००४३८ रहेको छ ।




हाल तिलोत्तमा नगरपालिकामा १७ वटा वडाहरु छन् । यस नगरपालिकाको पश्चिम र पूर्वबाट क्रमशः तिनाउ र रोहिणी दुई ठूला नदीहरु बग्दछन् । यस नगरपालिकामा पर्ने महत्वपूर्ण र धार्मिक स्थानहरुमध्ये डिङ्गरकुवा, बुद्धपरियति, उदयविहार, करौजिया गुम्बा, मोक्षधाम र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र पर्दछन् ।

### नगरपालिकाको गठन तथा नामकरण

वि.सं. २०७१ मा गठन भएको यो नगरपालिका साविकको आनन्दवन, शंकरनगर, करहिया, मक्रहर, मधवलिया, टिकुलीगढ र गंगोलिया गाउँ विकास समिति समाहित भएर बनेको छ । किम्बदन्ती अनुसार ब्रह्माजीले सबै रत्नहरुबाट तिलको गेडा बराबरको सुन्दरता निकाल्दा तिलोत्तमा नदी उत्पन्न भएको थियो । नगरपालिकाको पश्चिममा बग्ने यही तिलोत्तमा नदीको नामबाट यस नगरको नामकरण गरिएको हो ।

**आर्थिक अवस्था**

तिलोत्तमा नगरपालिका प्रदेश नं. ५ को वर्तमान राजधानी बुटवल तथा नेपालको पुरानो शहर भैरहवाको बीचमा अवस्थित उदीयमान नगरका रुपमा रहेको छ । हालसालै मात्र पुर्ननिर्माण भइरहेको सिद्धार्थ राजमार्ग अन्तर्गतको सुनौली-सिद्धार्थनगर-बुटवल ६ लेन सडकको केही खण्ड यही नगरपालिका अन्तर्गत पर्दछ । यस नगरपालिकामा आप्रवासन दर उच्च रहेको छ । जसले गर्दा नगरपालिका क्षेत्रभर नयाँ घरहरु निर्माण कार्य तीव्ररुपमा हुने गरेको छ । नगरपालिका, नक्सा शाखाको अभिलेख अनुसार यहाँ दैनिक औसत तीन वटा आरसीसी घर र पाँचवटा ट्रसमा आधारित घर निर्माण हुने गरेको छ। सुनौली-सिद्धार्थनगर-बुटवल सडक खण्डको आसपास व्यापार, व्यवसाय तथा अन्य आर्थिक गतिविधि तीव्ररुपमा वृद्धि भइरहेको अवस्था छ । नगरको कुल जनसंख्या मध्ये २१ देखि ६० वर्ष उमेर समूहको जनसंख्या ५६.८२ प्रतिशत रहेको कारण कुल जनसंख्यामा सक्रिय जनसंख्याको हिस्सा ठूलो रहेको देखाउँदछ ।

तिलोत्तमा सडक सञ्जाल



शंकरनगर सामुदायिक वन क्षेत्रमा स्थापित शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र र यसअन्तर्गतका संरचना र गतिविधि नगरपालिकामा पर्यटकीय र आर्थिक दृष्टिकोणले महत्वपूर्ण छन्। जैविक विविधताले भरिपूर्ण यस क्षेत्रमा सुन्दर पार्क तथा चिडियाखाना रहेको छ । अहिले यहाँ १३३ फिट अग्लो १० तले भ्यू टावर निर्माणाधीन अवस्थामा रहेको छ । यस भ्यू टावरमा रेष्टुरेन्ट, लाइब्रेरी, होटेलसहित विविध सुविधा रहने योजना छ । यस पार्कमा पर्यटकहरुलाई आकर्षित गर्न मोडलहरु, हरर हाउस, एक्युरिएम, बालबालिकाका लागि मोनोरेल आदिको निर्माण गर्ने तथा देवदह लुम्बिनीसँग सम्बन्ध जोड्ने र विपश्यना ध्यान केन्द्र, ऐतिहासिक कुवा संरक्षण जस्ता विविध र अनुसन्धानमूलक कामहरु समेत गर्ने लक्ष्य राखिएको छ । यस पार्कमा वार्षिक औसत दुई लाख पर्यटक आउने गरेका छन् ।

नगरपालिकाले हालै तयार गरेको वस्तुगत विवरणमा उल्लेख गरिएको घरधुरी सर्भेक्षण अनुसार नगरपालिकाका ९१.८६ प्रतिशत घरपरिवारसँग मोबाइल फोन, ८५.१० प्रतिशतसँग टेलिभिजन, ५०.९२ प्रतिशतसँग रेफ्रिजेरेटर, ४०.४२ प्रतिशतसँग मोटरसाइकल/स्कुटर, १७.९१ प्रतिशतसँग इन्टरनेट तथा ४.३८ प्रतिशत घरधुरीसँग मोटरकार रहेको पाइएको छ। उक्त स्रोतअनुसार एक लाखसम्म वार्षिक आम्दानी भएका घरधुरी २४.७ प्रतिशत, एकदेखि साढे तीन लाखसम्म वार्षिक आम्दानी भएका ४६.२० प्रीतशत, साढे तीन लाखदेखि पाँच लाखसम्म आम्दानी भएका १६.१९, पाँच लाख देखि दश लाखसम्म आम्दानी भएका ९.६५ प्रतिशत र १० लाखभन्दा बढी आम्दानी भएका घरधुरी ३.२६ प्रतिशत रहेका छन् । यस्तै आफ्नै निजी घर भएका परिवार ९५.१६ प्रतिशत र भाडामा बस्ने परिवार ३.७ प्रतिशत रहेका छन् भने बाँकी परिवार सगोलमा र संस्थागत भवनमा बस्ने गरेको पाइन्छ । नगरक्षेत्रमा आर.सी.सी. ढलान घर भएका घरपरिवार ८५.८१ प्रतिशत, जस्ताको छानाको घर भएका घरपरिवार ११.९३ प्रतिशत र बाँकीको टायल, फुस, काठ आदिको छाना भएको घर भएको तथ्यांक उपलब्ध छ ।

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र, मोक्षधाम, अष्ट्रिच फर्म, रोहिणी जलाशय, बोटानिकल गार्डेन, हरियाली पार्क, संगम पार्क लगायत पर्यटकीय सम्भाव्यता बोकेका विभिन्न स्थानहरुले यस नगरपालिकामा

आर्थिक गतिविधिलाई चलायमान बनाउन महत्वपूर्ण टेवा पु¥याएका छन् । व्यापार, व्यवसाय बाहेक कृषि यस नगरका बासिन्दाहरुको मुख्य पेशा हो । नगरको कृषि भूमि उर्वर रहेको छ । तिलोत्तमा नदीले वर्षायाममा पहाडी भेगबाट पाँगो माटो बोकेर ल्याई यस क्षेत्रमा विसर्जन गर्ने भएको हुँदा यहाँको भूमि थप मलिलो हुन मद्दत पुगेको छ । नगरपालिकाको ९२४३.५ हेक्टर कृषि भूमिमा सिंचाइ सुविधा उपलब्ध छ । साविक कृषि विकास कार्यालयले यस नगरपालिकाका मक्रहर (आलु पकेट क्षेत्र), करहिया (प्याज पकेट क्षेत्र), मक्रहर तथा टिकुलीगढ (तेलहन बाली पकेट क्षेत्र) लगायतका विभिन्न ११ क्षेत्रहरुलाई विभिन्न किसिमका कृषि पकेट क्षेत्रको रुपमा पहिचान गरेको छ ।

नगरपालिकामा एक दर्जन बजार/व्यापारिक केन्द्रहरु रहेका छन् । मुख्य बजार केन्द्रहरुमा योगीकुटी, नयाँमिल, मणिग्राम, भलवाडी, सेमरा, करहिया, कोटीहवा, सखुवानी, मधवलिया, शरबलिया, गंगोलिया, कानपारा, सुपौली, टिकुलीगढ, ड्राइभर टोल रहेका छन् । यी बजार केन्द्रहरुमा खाद्यान्न, हार्डवेयर, कृषि उत्पादन, लत्ताकपडा, पेट्रोलियम पदार्थ, मोटरपार्टस, इलेक्ट्रोनिक सामान उपलब्ध छन् । नगरपालिका क्षेत्रमा विभिन्न वाणिज्य बैंक तथा विकास बैंकका गरी २० वटा शाखा तथा एक पाँच तारे सहित करिब एक दर्जन स्तरीय होटल तथा रेष्टुरेन्टहरु सञ्चालनमा रहेका छन् ।

**जनसांख्यिक तथा सामाजिक अवस्था**

नगरपालिकाले वि.सं. २०७५ मा तयार गरेको वस्तुगत विवरणमा उल्लेख गरिएको घरधुरी सर्भेक्षण अनुसार नगरपालिकामा कुल ६०५०८ (४८.८६ प्रतिशत) महिला तथा ६३३१६ (५१.१३ प्रतिशत) पुरुष र १२ जना ( ०.०१ प्रतिशत) तेस्रो लिंगी गरी कुल १,२३,८३६ जनसंख्या रहेको छ । उक्त सर्भेक्षणअनुसार सबैभन्दा बढी जनसंख्या भएका दुईवटा वडा ११ र ७ हुन जसमा क्रमशः ११०९५ र १०४९२ जनसंख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या भएका दुईवटा वडा १३ र १२ हुन् जसमा क्रमशः ४६८६ र ४८८७ जनसंख्या रहेको छ । कुल जनसंख्याको ०.३९२ प्रतिशत जनसंख्या अपांग रहेको तथ्यांक छ । राष्ट्रियस्तरमा १ प्रतिशतभन्दा बढी जनसंख्यामा अपांगता भएको अवस्थाको परिवेशमा यहाँको परिवेश अब्बल रहेको देखिन्छ । गाउँपालिकामा ब्राह्मण, मगर, थारु, क्षेत्री, अहिर, कुमाल, गुरुङ, चेपाङ, जोगी, ठकुरी, दलित, दशनामी, नेवार, मधेशी, मुस्लिम, शेर्पा, राई, सुनुवार गरी २४ भन्दा बढी जातजातिहरूको बसोवास रहेको छ । वडा नं. ६ स्थित मोक्ष धाममा बाल आश्रम र बृद्धाश्रम रहेको छ । यहाँ रहेका बालबालिका तथा वृद्ध-वृद्धाहरुलाई अध्यापन, भोजन, आवास र औषधी उपचारको प्रबन्ध गरिएको छ ।

**धार्मिक, साँस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय सम्पदा**

विभिन्न धर्म, समुदाय तथा सम्प्रदायको बसोवास रहेको हुँदा यस नगरपालिकामा धार्मिक तथा सांस्कृतिक विविधता पाइन्छ । हिन्दू धर्मावलम्बीहरुले दशैं, तिहार, होली, रक्षा बन्धन, रामनवमी मनाउने गरेको पाइन्छ भने थारुहरुले माघी, मुस्लिमहरुले इद, बकरइद तथा मोहर्रम र क्रिश्चियनहरुले क्रिस्मस आदि चाडपर्व मनाउने गरेको पाइन्छ । नगरपालिका क्षेत्रका ठाउँठाउँमा शिव र दुर्गाका मन्दिरहरु रहेका छन् । मुख्य मन्दिरहरुमा शंकरनगर, आनन्दवन, टिकुलीगढ, करहिया, गंगोलिया तथा मक्रहरमा रहेका शिव मन्दिर तथा दुर्गा मन्दिर, टिकुलीगढमा रहेको राधाकृष्ण मन्दिर, वडा नं. ५ को चोकबजार क्षेत्रभित्रको रामजानकी मन्दिर, वडा नं. ६ को मोक्षधाम, बाँसघारी देवी, श्रीङ्गेश्वर मन्दिर, गीता मन्दिर, कालिका मन्दिर, कुञ्जलापुरको बौद्ध गुम्बा, वडा नं. १७ को तारकेश्वर शीव मन्दिर, शिवदुर्गा मन्दिर, कालीमाई दुर्गामन्दिर प्रमुख छन् । वडा नं. ६ स्थित मोक्षधामलाई संसारकै एक पवित्रतम मोक्षधामका रुपमा लिइन्छ । मोक्षधाममा तीर्थाटन गर्दा आठधामको दर्शन हुने तथा अमृतकुण्डमा स्नान गर्नाले अनेकौ नदी, सरोवर र सागरमा गएर स्नान गरेको फल प्राप्त हुने हिन्दु धर्मावलम्बीको विश्वास रहेको छ । यस धाममा प्रत्येक दिन रुद्राभिषेक, पूजन, हवन, आरती, भजनकीर्तन, श्राद्ध र धार्मिक पर्वहरुमा पर्व अनुसारका कार्यक्रमहरु संचालन हुने गरेको छ ।

गुम्बाहरुमा विश्वशान्ति बुद्ध गुम्बा, मायादेवी बौद्ध गुम्बा प्रमुख छन् । मस्जिदमा कानपारास्थित इदगाह मस्जिद प्रमुख छ ।

प्राकृतिक एवम् पर्यटकीय सम्पदाहरुमा शंकरनगरस्थित शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र प्रमुख छ । यसअन्तर्गत मनमोहक पार्क, स्वच्छ र सुविधायुक्त वनभोजस्थल एवंम विवाह, सभा तथा समारोह स्थल, चिडियाघर, निर्माणाधीन भ्यू टावर रहेको छ । मधवलियामा अवस्थित अष्ट्रिच फर्म पनि पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल हो । व्यवसायिक रुपले संचालनमा रहेको यस अष्ट्रिच फर्म नीजिक्षेत्रबाट सञ्चालित नेपालको पहिलो तथा ठूलो अष्ट्रिच फर्म हो ।

## २.२ नगरपालिकाको मानवीय संसाधन

नगरपालिका सञ्चालनका लागि नगरप्रमुख, उपप्रमुख तथा २४ जना सदस्य सहितको कार्यपालिका रहेको छ भने कर्मचारीतर्फ २०७५ फागुन मसान्तमा विभिन्न प्रमुख प्रशासकीय अधिकृत सहित विभिन्न तहका ११३ कर्मचारी कार्यरत रहेको देखिन्छ । थप विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**ट+ँणश+ २म घु/ख+ँणश+श+ शड{+/लश्र□श+] ँझ्झ/)+**

| क्र.सं. | पद | कार्यरत संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ |
| २ | उपसचिव (शिक्षा) | १ |
| ३ | अधिकृत स्तर (लेखा अधिकृतलगायत विभिन्न सेवा समूहबाट) | १३ |
| ४ | इञ्जिनियर | ३ |
| ५ | नासुस्तर (लेखापाल सहित) | १६ |
| ६ | सबइन्जिनियर | ५ |
| ७ | सहायक पाँचौं | ३ |
| ८ | स्वकीय सचिव | १ |
| ९ | खरिदार | १० |
| १० | पशु स्वास्थ्य प्रा.ना.सु | १ |
| ११ | कृषि प्रसार प्रा.स. | २ |
| १२ | सर्भेक्षक नापी निरीक्षक | १ |
| १३ | स.म.वि.नि. | १ |
| १४ | सब ओ.सी. | १ |
| १५ | अ.स.इ. | १ |
| १६ | अमिन | २ |
| १७ | सहायक स्तर चौथो | ८ |
| १८ | इलेक्ट्रिसियन | २ |
| १९ | स.क.व. | ५ |
| २० | हेभी सवारी चालक | १ |
| २१ | हल्का सवारी चालक | ३ |
| २२ | नगर प्रहरी | ७ |
| २३ | का.स. | २५ |
| | जम्मा | ११३ |

## २.३ नगरपालिकाको भौतिक सम्पत्ति

नगरपालिकाको भौतिक सम्पत्तिमा साविक सात गाविस शंकरनगर, आनन्दवन, करैया, मक्रहर, टिकुलीगढ, मधवलिया तथा गंगोलियाका भवनहरु रहेका छन् । करैया र मक्रहरमा एक तले भनव रहेको छ भने अन्यमा दुईतले भवन रहेका छन् । साविकका उक्त गाविस भवनहरुमा हाल क्रमशः वडा नं. २, ६, ७, १२, १४, १५ र १७ का वडा कार्यालय भवनहरु रहेका छन् । नगरपालिका कार्यालय लगायत बाँकी वडा कार्यालयहरु भने भाडाको घरका सञ्चालन भएका छन् ।

नगरपालिकाको जिन्सी निरीक्षण प्रतिवेदन, २०७५ अनुसार मौज्दात सामानहरुमा मोटर साइकल (१२ थान), स्कुटर (१ थान), टिपर गाडी (१ थान), कम्प्युटर सेट (४६ थान), ल्यापटप (१५ थान), प्रिन्टर (४९ थान), फोटोकपी मेसिन (३ थान), सेलेरियो कार (१ थान), प्रोजेक्टर (२ थान) रहेका छन् । यसका अतिरिक्त सिलिङ पंखा (१२४ थान), स्टील अफिस दराज (६९ थान), काठको अफिस दराज (८ थान), फाइल क्याविनेट (२७ थान), कम्प्युटर कुर्सी (३७ थान), रिभल्भिङ कुर्सी (६८ थान), काठको कुर्सी (६० थान), स्टील भिजिटर कुर्सी ( १२१ थान), काठ/चाइनिज अफिस टेवल (९२ थान), कम्प्युटर टेवल (४१ थान), इन्भर्टर (२० थान), इन्भर्टर ब्याट्री (४६ थान), युपीएस (२३ थान), स्ट्याबलाइजर (१७ थान), टीभी (१ थान), क्यामेरा (४ थान), मोवाइल (७ थान), जेनेरेटर (४ थान), फ्रिज (२ थान), सोफा सेट (२८ थान), साउण्ड सिस्टम (२ थान) सहित विभिन्न परिमाणमा कुल ८४ किसिमका सामानहरु रहेको देखिन्छ ।

# परिच्छेद – ३
# स्थानीय तहको राजस्व अधिकार

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## २.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान** ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकार:**

**अ) कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)*
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ वाट संसोधित व्यवस्था)*
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)***

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था** (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- <u>वित्तीय समानीकरण अनुदानः</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- <u>सशर्त अनुदानः</u> कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- <u>समपूरक अनुदानः</u> पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- <u>विशेष अनुदानः</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ।

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा यस नगरपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यसअन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :

**ट+ँणश+ ३म ु+फ+ख+ँणश+श+] छ+गटँ/श छ+नौ खँ/+णघश+] ज्ञट{ड+घ छज्ञःॠ+**

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| १. | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २. | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३. | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | भएको | नभएको |
| ४. | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५. | व्यवसाय कर | भएको | भएको | भएको |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| ६. | जडीबुटी, कवाडी र जीवजन्तु कर | नभएको (जडीबुटी र जीवजन्तु), भएको (कवाडी) | नभएको | नभएको |
| ७. | विज्ञापन कर | भएको | भएको | भएको |
| **ख.** | **गैरकर** | | | |
| ८. | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री | भएको | भएको (प्रदेश कानुनबमोजिम) | भएको |
| ९. | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको (न्यून) | भएको (प्रदेश कानुनबमोजिम) | नभएको |
| १०. | सामुदायिक वन पैदावार बिक्री | भएको | नभएको | नभएको |
| ११. | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| १२. | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| १३. | बहाल विटौरी शुल्क | भएको | भएको | भएको (हाटबजारबाट मात्र) |
| १४. | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| १५. | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | नभएको |
| १६. | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १७. | स्थानीय विद्युत् महसुल | नभएको | नभएको | नभएको |
| १८. | मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि) | नभएको | नभएको | नभएको |
| १९. | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) | भएको | नभएको | नभएको (उपभोक्तामार्फत् व्यवस्थापन भएको) |
| २०. | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| २१. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | भएको | भएको | भएको (आंशिक) |
| २२. | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |
| २३. | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २४. | दण्ड जरिवाना | भएको | भएको | नभएको |

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ । उल्लिखित बाहेक नगरपालिकाले शिक्षा तथा स्वास्थ्य कर तथा नदीजन्य पदार्थ ओसारपसार शुल्क समेत लिइरहेको देखिन्छ जुन विद्यमान कानुन अनुसार स्थानीय तहले

असुल गर्न सक्ने देखिँदैन । यस्तै, प्रकृति हेरी लिइने पटके दस्तुर समेत नगरपालिकाको आर्थिक ऐनमा तोकिएको छ, स्थानीय सरकार सञ्चालन ऐन अनुसार पटके दस्तुर लिन पाउने प्रावधान रहेको छैन । नगरपालिकाको आर्थिक ऐनमा मिनीबस, बस, ट्रकलगायत ठूला सवारी साधनमा समेत करको दर तोकी वार्षिक रुपमा कर लिने उल्लेख गरिएको छ, तर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ खारेज भैसकेको र अन्तर सरकारी वित्त व्यबस्थापन ऐलले गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्साको सवारी करको दर निर्धारण गर्न संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने उल्लेख गरेको छ । यसर्थ नगरपालिकाको आर्थिक ऐनमा ठूला सवारी साधनको करको तोकिरहनु पर्ने देखिँदैन । प्रदेशले प्रदेश करवापत संकलन गरेको रकमको ४० प्रतिशत सम्बन्धित स्थानीय तहहरुमा बाँडफाँड गर्ने परिपाटी छ ।

उल्लिखित तालिकामा नगरपालिकाका करतर्फ सात शीर्षक र गैरकरतर्फ १५ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिकाअनुसार नगरपालिकाले लिन सक्ने सात किसिमका करमध्ये नगरपालिकाका सम्बन्धित कर्मचारीहरूसँगको छलफल, स्थानीय तहको भ्रमण तथा नगरपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा जडीबुटी र जीवजन्तु कर बाहेक अन्य सबै करहरु संकलनको सम्भावना रहेको देखिन्छ । कवाडीको सम्बन्धमा अध्ययन भइरहेको छ ।  छ किसिमका करको दर निर्धारण भएको छ । राजस्व संकलन साना सवारी कर र जडीबुटी, कवाडी र जीवजन्तु कर बाहेकका अन्य पाँच किसिमका शीर्षकबाट भएको देखिन्छ ।

गैरकरतर्फका राजस्वका १५ शीर्षकमध्ये १४ शीर्षकमा संकलनको सम्भावना भएको पाइए पनि १० शीर्षकको दर निर्धारण भएको र नौ शीर्षकबाट कर संकलन भएको पाइन्छ ।

## ३.३ आन्तरिक स्रोततर्फ राजस्वका प्रमुख क्षेत्र र सम्भावना

### *३.३.१ कर राजस्व*

**क. सम्पत्ति कर**

**हालको अवस्था:** नगरपालिकाले चालु आ.व. २०७५।७६ देखि सम्पत्ति कर सुरु गरेको छ । नगरपालिकाको संशोधित आर्थिक ऐन २०७५ ले घर/संरचना र सो घर/संरचनाले चर्चेको (प्लिन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन दर कायम गर्दा सिद्धार्थ राजमार्गको मुख्य बजार क्षेत्रको जग्गाको सबैभन्दा बढी (रु. ६४,८०,००० प्रति कठ्ठा) र साविक गंगोलिया गाविसका बाटो नभएका र अन्य खेतीयोग्य जग्गाको सबैभन्दा कम (रु. २००,००० प्रति कठ्ठा) निर्धारण गरेको छ । घर/संरचनाको मूल्यांकनको आधार देहायअनुसार रहने व्यवस्था गरेको छ :

- क) घरको आकार, प्रकार, बनोट, आयु, निर्माण सम्पन्न भएको वर्ष र ह्रास मूल्य
- ख) घर र जग्गाको प्रचलित बजार मूल्य
- ग) घर र जग्गाको व्यवसायिक र आवासीय उपयोगको अवस्था

गत आ.व. २०७४।७५ मा रु. १८ लाख संकलन गरेकोमा चालु आ.व. २०७५।७६ मा सम्पत्ति कर मालपोत सहित एकमुष्ट रु. २७ करोड संकलन गर्ने प्रस्ताव गरेको छ ।  नगरपालिका कार्यालय लगायत सबै वडा कार्यालयहरुमा बिलिङका लागि कम्प्युटर सफ्टवेयरको व्यवस्था भए पनि हाते बिल पनि काट्ने अभ्यास रहेको, हातले काटेका बिलसम्बन्धी तथ्यांक उपलब्ध नभएको हुँदा कति करदाताले सम्पत्ति कर तिरिरहेका छन् भन्ने यकीन तथ्यांक नगरपालिकामा भएको पाइएन । नगरपालिकमा हाल सम्पत्ति कर तिरिरहेका करदाता संख्या कति छन् भन्ने यकीन तथ्यांक नभएको हुँदा यहाँ कुल घरधुरी संख्याको आधारमा कुल करदाता संख्या अनुमान गरिएको छ । नगरपालिकामा एक दर्जन बजार केन्द्रहरु रहेको छ र सबैभन्दा ठूला र बाक्ला बस्तीहरु नगरपालिकाको उत्तरपश्चिम भाग, सिद्धार्थ राजमार्गको दायाँबायाँ क्षेत्र र यस राजमार्गमा विकसित बजारहरु, भलवारी बस स्टप वरिपरिको क्षेत्र, मंगलपुर, नयाँमिल, ड्राइभर टोलमा बढी जनघनत्व रहेको छ ।

**संभाव्यताः** नगरपालिकाले वि.सं. २०७५ गरेको घरधुरी सर्भेक्षण अनुसार यहाँ कुल घरधुरी संख्या २५५०३ रहेको छ । नगरपालिका नक्सा शाखाको तथ्यांकअनुसार २०७५ फागुन मसान्तसम्म कुल दर्ता भएका घर संख्या १३७८५ रहेको छ । कुल घरधुरी संख्या र दर्ता भएका घरधुरी संख्यामा उल्लेख्य अन्तर देखिएको हुँदा धेरै घर नगरपालिकाका दर्ता हुन बाँकी रहेको सङ्केत गर्दछ । नगरपालिकामा सबै घरको दर्ता भएको छैन र दर्ता भएका सबै घरको आकार, प्रकार, बनोट, वर्ष, सडकदेखिको दुरीजस्ता आधारभूत तथ्यांक पनि उपलब्ध छैन । यिनै समस्याहरुलाई मध्यनजर गरी यो योजना तर्जुमा क्रममा सबै वडा कार्यालयमा सूचना संकलन फाराम वितरण गरिएको थियो । यसरी संकलन गरिएको तथ्यांकअनुसार वडाहरुमा करदाताले तिरेको न्यूनतम सम्पत्ति कर रु. ९० र अधिकतम ७०,०००।- रहेको छ । सबै वडाबाट सूचना तथा तथ्यांक संकलनका लागि उपलब्ध गराइएको फाराम भरेर प्राप्त नभएको र फाराम प्राप्त भएका सबैमा करदाता संख्या उल्लेख नगरिएको हुँदा यस तथ्यांकलाई पनि सम्पत्ति करको सम्भाव्यता अनुमानमा प्रयोग गर्न सकिएको छैन । यस परिवेशमा कुल सम्पत्ति करदाता संख्या निम्नअनुसार अनुमान गरिएको छ :

विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा नगरपालिकाले वि.सं. २०७५ मा गरेको सर्भेक्षणको नतिजा अनुसारको कुल घरधुरी संख्या २५५०३ भएता पनि यस अध्ययनको प्रयोजनका लागि करिब २८००० सम्पत्ति करदाता संख्या हुने अनुमान गरिएको छ । औसत करदाताको करयोग्य सम्पत्ति संलग्न तालिकाको गणना बमोजिम रु. ५५,००,००० अनुमान गरिएको छ र आर्थिक ऐन बमोजिम रु. ५०,००,००१ देखि रु. १,००,००,०००।- सम्मको सम्पत्ति करको दर ०.०२३ प्रतिशत रहेको हुँदा उक्त संख्याका कुल करदाताबाट रु. तीन करोड २२ लाख ६१ हजार २९५ संकलन हुन सक्ने अनुमान गरिएको छ ।

| | |
|---|---|
| प्रतिव्यक्ति औसत अनुमानित सम्पत्ति करयोग्य जग्गा (कट्ठा) | ०.५ |
| *सम्पत्ति करयोग्य जग्गाको औसत मूल्य (प्रतिकठ्टा)* | *३००००००* |
| *प्रति करदाताको सम्पत्ति करयोग्य जग्गाको मात्र औसत मूल्य* | *१५०००००* |
| *औसत करदाताको घरको मात्र अनुमानित मूल्य रु.* | *४००००००* |
| प्रति करदाताको करयोग्य औसत सम्पत्ति (घर र घरले चर्चेको दोब्बरसम्म जग्गाको औसत मूल्य) | ५५००००० |
| सम्पत्ति करको दर (प्रतिशत) | ०.०२३ |
| प्रति करदाता उठ्न सक्ने औसत सम्पत्ति कर (रु.) | १२६५ |
| सम्पत्ति करदाता (संख्या) | २८००० |
| समग्रमा उठ्न सक्ने कुल सम्पत्ति कर (रु.) | ३,५४,२०,००० |

**सुधारका पक्षहरूः** सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत् करको दायरामा ल्याउने

- सम्बन्धित करदाताको घर कति फुटको कस्तो गुणस्तरको बाटोले छोएको हो भन्ने सहज तथ्यांक नभएको हुँदा यथाशक्य कच्ची र सानो बाटो देखाइ सम्पत्ति कर तिर्ने परिपाटी विद्यमान भएको हुँदा हरेक घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

### ख भूमि कर

**हालको अवस्थाः** नगरपालिकाको संशोधित आर्थिक ऐन, २०७५ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गाबाहेकका अन्य जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गा भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार मानिने व्यवस्था उक्त ऐनले गरेको छ । नगरपालिकाले करदाताबाट सम्पत्ति कर र भूमी करको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल/रसिद दिन सक्ने प्रावधान अनुरुप हाल उक्त करहरु एकैपटक एकीकृत रुपमा संकलन गरिरहेको छ ।

गत आ.व. २०७४।७५ मा कुल ६० लाख मालपोत संकलन भएको थियो । नगरपालिकाको आम्दानी विवरणअनुसार चालु आ.व २०७५।७६ को फागुन मसान्तसम्म मालपोल तथा सम्पत्ति कर गरी कुल रु. दुई करोड आठ लाख ८७ हजार १७६ संकलन भएको छ । नगरपालिकाले चालु आ.व. २०७५।७६ मा सम्पत्ति करसहित भूमीकर एकमुष्ट रु. २७ करोड संकलन गर्ने प्रस्ताव गरेको छ तर यस अध्ययनका आधारमा उक्त लक्ष्य व्यवहारिक सम्भावनाभन्दा निकै बढी भएको देखिन्छ ।

नगरपालिकामा भूमीकर तिर्नुपर्ने करदाताको संख्या तथा सम्भावित करदातासँग भएको भूमिको स्वामित्व सम्बन्धी तथ्यांक उपलब्ध रहेको छैन । राष्ट्रिय भूउपयोग आयोजनाको तथ्यांक अनुसार नगरपालिकामा वनजंगल, व्यापारिक क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र, उत्खनन् क्षेत्र, जलक्षेत्र, उद्योग क्षेत्र, सार्वजनिक क्षेत्र, आवास र अन्य क्षेत्र बाहेक कुल कृषी क्षेत्र ९२४३.५ हेक्टर अर्थात् अर्थात् १२५३१३.७६४ कठ्ठा जग्गा रहेको छ । नगरपालिकामा सम्पत्ति कर लाग्ने बाहेकको अन्य जमिन सम्बन्धी विस्तृत तथ्यांक उपलब्ध नभएको हुँदा उपरोक्त तथ्यांकअनुसारको कुल कृषि भूमि तथा घरधुरी संख्याको आधारमा नगरपालिकाले उठाउन सक्ने सम्भावित भूमीकर आकार अनुमान गरिएको छ ।

**संभाव्यताः**

नगरपालिकामा भूमीकर लगाउनयोग्य जग्गा र सोको करदातासम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा राष्ट्रिय भूउपयोग आयोजनाको अध्ययनबाट देखिएको कुल कृषी भूमि १२५३१३.७६४ कठ्ठा र नगरपालिकाले हालै तयार गरेको वस्तुगत विवरणअनुसारको कुल घरधुरी संख्या २५५०३ तथा भूमीकरको दरलाई भूमीकर रकमको कुल सम्भाव्यता आँकलनको मूल आधारका रुपमा लिई निम्न तालिका अनुसार गणना गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकरयोग्य जग्गा हुन सक्ने र सबै जग्गा धनीले घर निर्माण नगरी घडेरी मात्र राख्ने तथा नगरपालिका बाहिरका बासिन्दाहरुको समेत जग्गा भएको अवस्था समेतलाई ध्यानमा राखी कुल घरधुरी २५५०३ मा ५० प्रतिशत थप गरी कुल ३५७०४ जना भूमिकरको करदाता संख्या निर्धारण गरिएको छ । कुल कृषी भूमि १२५३१३.७६४ कठ्ठा र प्रति करदातासँग रहेको औसत अनुमानित जग्गा ४ कट्ठा कायम गरिएको छ ।

| | |
|---|---|
| कुल कृषि भूमि/भूमिकरयोग्य जग्गा (कट्ठा) | १२५३१३.७६४ |
| कुल भूमिकर करदाता संख्या | ३८२५५ |
| प्रतिकरदातासँग रहेको औसत जग्गा (कट्ठा) | ४ |
| औसत करदाताको भूमिकरयोग्य प्रति कट्ठा जग्गाको औसत मूल्य | १000000 |
| औसत करदाताको कुल भूमिकरयोग्य जग्गाको मूल्यांकन | ४000000 |
| भूमि करको दर | 0.0१५ |
| प्रतिकरदाता औसत भूमि कर | ६00 |
| कुल सम्भाव्य भूमि कर | २२९५२७00 |

कुल कृषियोग्य भूमि १२५३१४ कट्ठालाई भूमीकरयोग्य जग्गाका रुपमा कायम गरिएको छ । माथि उल्लेख गरिएअनुसार भूमिकरको करदाता संख्या ३५,७०४ र नगरपालिकाको मुख्य बजार क्षेत्र वडा नं. १ देखि ५ बाहेकका अन्य (*वडा नं. ६ देखि ९ कृषी तथा व्यापार व्यवसाय भएको मिश्रित क्षेत्र र वडा नं. १० देखि १७ सम्मका मूलतः कृषि नै मुख्य पेशा भएको क्षेत्र*) वडाका जग्गाको आर्थिक ऐन २०७५ अनुसारको मूल्यांकनको दररेट हेर्दा करदाताको औसत भूमकिरयोग्य जग्गाको मूल्यांकन रु. १० लाख कायम गरी नगरपालिकामा उठ्न सक्ने कुल भूमीकर रु. दुई करोड १४ लाख २२ हजार ५२० अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः** नगरपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन् :

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने

### ग. घरजग्गा वहाल कर

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐन २०७५ ले नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पार, जग्गा वा पोखरी पुरै वा आंशिक दवरले वहालमा दिइएकोमा वहाल रकमको १० प्रतिशतका दरले वहाल कर लगाउने व्यवस्था गरेको छ । नगरपालिकाले नगरक्षेत्रमा बहालमा भएका घरहरुको क्षेत्रगत विभाजन गरि प्रयोजनको आधारमा (व्यवासायीक तथा औद्योगिक) न्युनतम बहाल रकम (प्रति कोठा वा प्रति वर्ग फुट) निर्धारण गरेको छ ।

आ.व. २०७३।७४ मा यस शीर्षकमा रु. ५९ लाख ५९ हजार संकलन भएकोमा आ.व. २०७४।७५ को संशोधित अनुमान अनुसार रु. ६० लाख उठ्ने अनुमान गरिएको छ भने २०७५ फागुण मसान्तसम्म ४७ लाखभन्दा बढी रकम उठिसकेको देखिन्छ । पक्की घरहरुको आधिक्यता रहेको, घरबहाल कर तिर्ने परिपाटी सुरु भइसकेको तर

सबै सम्भाव्य घरबहाल करको दायरामा आउन बाँकी भएको अवस्था देखिन्छ । साथै घर बहालमा लगाइएको रकम र प्रयोजन सम्बन्धमा नगरपालिकामा यकीन तथ्यांक नहुँदा कर संकलन यथार्थपरक हुन सकेको छैन ।

**संभावनाः**

नगरपालिका क्षेत्रमा एक दर्जनभन्दा बढी बजार केन्द्रहरु रहेका छन् । व्यापार, व्यवसायको वृद्धि तीव्रतर देखिन्छ । नगरपालिका नक्सा शाखाको तथ्यांक अनुसार दैनिक औसतमा तीन वटा पक्की घर र पाँच वटा ट्रस निर्माण हुने गरेको छ । जनघनत्व, शहरीकरण र घरहरुको संख्या बढ्दै गएको परिप्रेक्ष्यमा घरजग्गा वहाल करको राम्रो सम्भावना देखिन्छ । यो कार्ययोजना तयार गर्दा वडाहरुबाट संकलन गरिएको सूचना अनुसार मासिक औसत घरबहाल रु. १५०० देखि बढीमा रु. ३००० रहेको देखिन्छ तर सबै वडाहरुबाट सूचना नआएको हुँदा यसले समग्र यथार्थ अवस्था भने प्रस्तुत गर्दैन ।

नगरपालिकामा के कति व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम आदि भाडामा लगाएका छन् भन्ने यकीन तथ्यांक उपलब्ध नभएको कारण राष्ट्रिय जनगणना २०६८ तथा आर्थिक जनगणनाको प्रारम्भिक नतिजा २०७६ को तथ्यांकलाई आधार बनाई निम्नअनुसार घरजग्गा बहाल कर अनुमान गरिएको छ :

**ट+ँणश+ ४म #/थ्+ झश्र+ण श/श+] ;दै+जौट+ ँझझ/)+**

| क.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत भाडा रकम | वार्षिक भाडा रकम | घर बहाल करको दर (प्रस्तावित) | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | **(ख)** | **(ग)** | **(घ)** | **(ङ)** |
| | | **(क)** | अनुमानित | क x ख x १२ | प्रतिशत | ग x घ |
| १ | ठुला संस्थागत तथा औधोगिक प्रयोजन | १०० | ५०००० | ६०००००० | १० | ६००००० |
| २ | व्यवसायीक प्रयोजन | २५०० | १०००० | ३०००००००० | १० | ३००००००० |
| ३ | घरयासी प्रयोजन | १५०० | २५०० | ४५०००००० | ५ | २२५०००० |
| **जम्मा** | | | | ४०५००००० | | **३८२५००००** |

**सुधारका पक्षहरूः**

नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालासँगको छलफल तथा स्थानीय स्तरको अध्ययन भ्रमणका आधारमा घरबहाल करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- घरबहाल करको दरलाई प्रगतिशील बनाउने *उदाहरणका लागि धेरै बहाल रकम आयआर्जन हुने करदातासँग अधिक दरमा (बैंक, विद्यालय, होटल तथा ठूला व्यवसायिक प्रयोजनवापत संकलन हुने बहालमा १० प्रतिशतका दरले) र कम बहाल आर्यआर्जन गर्ने करदातासँग कम दरमा (घरायसी प्रयोजनमा संकलन हुने बहालमा ५ प्रतिशतका दरले*
- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने
- घरबहाल कर संकलन गर्दा नगरपालिकाले निर्धारण गरेको दरमा आधारित भई कर असुली गर्ने
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने
- सम्पत्ति कर, व्यबसाय कर र घर जग्गा बहाल कर संकलनलाई एकीकृत रुपमा एकै पटक उठाउन सकिने गरी तथ्यांक र असूली प्रकृयामा सफ्टवेयर पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने

**घ. व्यवसाय कर**

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐनले नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसाय र सेवामा व्यवसायको प्रकृति, पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने उल्लेख गरेको छ । नगरपालिकाले आ.व. २०७३।७४ मा यस शीर्षकमा रु. १७,९४,४९० संकलन गरेकोमा आ.व. २०७४।७५ मा रु. १ करोड ३४ हजार संकलन भएको छ । चालु आ.व. २०७५।७६ को फाल्गुण मसान्तसम्म रु ७३ लाख ७७ हजार उठेको देखिन्छ । करको दरमा न्यूनतम रु. १०००।- (हल्का पेय पदार्थका खुद्रा विक्रेतालाई) देखि रु. १,५०,०००।- (क्यासिनो समेत सञ्चालन भएका तारे होटललाई) सम्म निर्धारण गरिएको छ ।

केन्द्रीय तथ्यांक विभागले वि.सं. २०७४ मा गरेको आर्थिक जनगणनाको प्रारम्भिक नतिजा अनुसार यस नगरपालिका क्षेत्रमा ५१७१ उद्योग व्यवसाय रहेका छन् । नगरपालिका आर्थिक विकास शाखाको तथ्यांक अनुसार इट्टा उद्योग, राइल तथा आयल मिल, सुनचाँदी, आल्मुनियम एण्ड स्टील, फर्निचर उद्योग तथा सः मिल, खाद्य उद्योग, होटल तथा रेष्टुरेन्ट, ग्रील उद्योग, प्याकेजिङ उद्योग, ब्युटी पार्लर, प्लाष्टिक उद्योग, ग्रील, प्रिन्टिङ प्रेस, खाद्य उद्योग लगायत सहकारी समेत २२०६ उद्योग व्यवसाय रहेको तथ्यांक छ ।

**संभावनाः**

नगरपालिकामा उपलब्ध तथ्यांकअनुसार सहकारी संस्था तथा अन्य वित्तीय संस्थासहित कुल उद्योग व्यापार व्यवसायको संख्या २२०६ रहेको छ तर केन्द्रीय तथ्यांक विभागले सञ्चालन गरेको आर्थिक जनगणनाअनुसार यस नगरपालिका क्षेत्रमा कुल ५१७१ उद्योग, व्यापार व्यवसाय सञ्चालनमा रही १४,८९० पुरुष तथा ११,४४६ महिला गरी कुल २६,३३७ जना संलग्न रहेको तथ्यांक छ । यस अध्ययनको प्रयोजनका लागि आर्थिक जनगणनाको तथ्यांकलाई आधार मानी निम्नअनुसार व्यवसाय करको सम्भाव्यता आँकलन गरिएको छ :

**ट+ँणश+ ५म जौझ;+ौ श/श+] ;दै+जौट+ ँझझ/)+**

| क्र.सं. | व्यापार व्यवसाय अनुशार करदाताको विवरण | संख्या | करको औसत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | ठुला करदाता व्यवसायीहरु (१०,००१ भन्दा अधिक कर तिर्ने करदाता) | १७५ | २०००० | ३५०००००० |
| २ | मध्यम करदाता व्यवसायीहरु (५,००१ भन्दा अधिक १०,००० सम्म कर तिर्ने करदाता) | १५०० | ८००० | १२०००००० |
| ३ | साना व्यवसायीहरु (५,००० भन्दा कम कर तिर्ने करदाता) | ३४९६ | ३००० | १०४८८००० |
| **जम्मा** | | **५१७१** | | २५९८८००० |

**सुधारका पक्षहरूः** नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- नगरपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण/लगत तयार गर्ने
- घुम्ती टोली खटाई स्थलगत रुपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर संकलन गर्ने व्यवस्था गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने
- व्यवबसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने
- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानुनी व्यवस्था परिमार्जन गर्ने

- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था पर्ने । छुटको व्यवस्था समेत कानुनमा व्यबस्था गर्ने ।

### ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था र सम्भाव्यताः** नगरपालिकामा जडीबुटी र जीवजन्तु करको तत्काल कुनै सम्भावना देखिँदैन । यो कर संकलन गर्नका लागि नगरपालिकाको चालु आ.व.को आर्थिक ऐनले कुनै व्यवस्था गरेको छैन । शहरीकरण बढ्दै गएको परिप्रेक्ष्यमा कवाडी करको सम्भावना छ तर यकीन तथ्यांक उपलब्ध छैन ।  नगरपालिकाले कवाडी करको सम्भाव्यता अध्ययन गरिरहेको हुँदा सम्भाव्यता अध्ययनपछि यथार्थपरक ढंगले कवाडी करको अनुमान गर्न सकिन्छ तर यस अध्ययनको प्रयोजनका लागि एकमुष्ट रु. पाँच लाख सम्भाव्यता आँकलन गरिएको छ ।

**सुधारका पक्षहरूः** कवाडी, जडीवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- नगर क्षेत्रमा संकलन हुने कवाडी मालसामानको परिमाण एकीन गरी करको दर आर्थिक ऐनमा समावेश गर्ने
- कवाडी व्यबसाय सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्धारण गरी सम्भाव्य वातावरणीय प्रदूषण नियन्त्रण गर्ने
- कवाडी कर असूलीका लागि ठेक्का बन्दोबस्त गर्ने वा स्थलगत रुपमा कर्मचारी खटाई असूल उपर गर्ने व्यवस्था मिलाउने

### च. सवारी कर

**हालको अवस्था र सम्भाव्यताः** नेपालको संविधान अनुसार सवारी कर प्रदेश र स्थानीय तहको दोहोरो अधिकार क्षेत्रभित्रको कर हो । यस व्यवस्थालाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन मार्फत कार्यजिम्मेवारी निर्धारण गरिएको छ । जस अनुसार नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था गरिएको छ । नगरपालिकाको आर्थिक ऐनले साना सवारी सहित मिनी बस, बस, ट्रकलगायत अन्य ठूला सवारी साधनमा समेत कर तोकी प्रदेश कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सोअनुसार हुने उल्लेख गरेको छ । अटो रिक्सालगायत साना सवारी साधनको संख्या र अन्य सम्बन्धित विषयमा अध्ययन कार्यदल नै गठन गरेको छ । उक्त कार्यदलको प्रारम्भिक निष्कर्षअनुसार नगरपालिका क्षेत्रमा करिब ३०० अटोरिक्सा सञ्चालनमा रहेका छन् । रिक्सा तथा टेम्पो लगायत सबै साना सवारी जोड्दा नगरपालिका क्षेत्रमा कुल ५०० साना सवारी चल्ने गरेको अनुमान गरिएको छ ।

नगरपालिकाले सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर गरी आ.व. २०७३ मा रु. १ लाख ९७ हजार र आ.व. २०७४।७५ मा रु. दुई लाख संकलन गर्ने संशोधित अनुमान गरेको छ । हालको कानुनी प्रावधान अनुसार पटके सवारी करको व्यवस्था रहेको छैन । रिक्सा, टेम्पो तथा विद्युतीय रिक्साको दर्ता, नामसारी, नवीकरणको औसतमा वार्षिक रु. १५०० दररेट कायम राख्दा ५०० त्यस्ता सवारीको कुल रु. ७,५०,००० सवारी कर आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:** नगरपालिकाले साना सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा सम्बन्धी तथ्यांक संकलन गरी नगरपालिकामा दर्ता गराउने
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण, जनशक्ति व्यबस्थापन र अन्य सम्बद्ध निकायहरुसँग समन्वयको व्यबस्था मिलाउने
- करको दर र सम्बन्धित विषयमा सरोकारवालाहरुसँग छलफल गरी छिमेकी नगरपालिकाहरुको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने
- इञ्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने

## छ) विज्ञापन कर

**हालको अवस्था: :** आर्थिक ऐनले नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जमिनमा होर्डिङ बोर्ड, साइन बोर्ड, पम्प्लेट, पोष्टरजस्ता विज्ञापनका सामग्रीहरु राखेमा प्रति वर्ग फुटका हिसाबले विज्ञापन कर लिने गरी दर निर्धारण गरेको छ । जसअनुसार अधिकतममा होर्डिङ बोर्ड प्रति वर्ग फुट रु. ५५ तथा व्यानरको प्रति गोटा वार्षिक रु. ३३ का दरले कर निर्धारण गरेको छ । आ.व. २०७४।७५ मा कुनै कर यस शीर्षकमा कुनै कर संकलन गरेको देखिँदैन भने आ.व. २०७४।७५ मा रु. एक लाख २५ हजार संकलन गर्ने संशोधित अनुमान गरेको छ । चालू आ.व.का लागि रु. १० लाख संकलन गर्ने लक्ष्य राखेको छ । वि.सं. २०७५।४।१४ मा ठेक्काको न्यूनतम अंक बीस लाख राखी नगरपालिकाले तेस्रो पटक सिलबन्दी बोलपत्र आह्वान गरेको थियो । यसपटक पनि कुनै बोलपत्र नपरेपछि चौथो पटक बोलपत्र परेको तर सो बराबर रकम उठ्ने नदेखेपछि ठेकेदार नै सम्पर्कमा नआएको कारण नगरपालिकाले यो प्रतिवेदन तयार पार्दासम्म अमानतमा रु. ३ लाख ५० हजार उठाएको छ ।

**संभावना:**

नगरपालिकामा वार्षिक रुपमा के कति विज्ञापन सामग्रीहरु प्रयोग गरिएको छ भन्ने यकीन तथ्यांक उपलब्ध छैन । यहाँ एक दर्जनभन्दा बढी बजार केन्द्रहरु रहनु, जनघनत्व तीव्र रुपमा रहनु, प्रदेश पाँचको राजधानी शहरी बुटवल तथा पुरानो शहर भैरहवा आगागमन गर्ने मार्गमा रहनु आदि कारणले यस नगरपालिकामा विज्ञापन करको सम्भावना फराकिलो हुँदै गएको छ । यद्यपि नगरपालिकाको आफ्नै अनुभवबाट पनि ठेक्का रकम आह्वान गर्दा बढी व्यवहारिक र यथार्थपरक हुनुपर्ने देखिएको छ । विज्ञापन कर एकमुष्ठ रु. १० लाख अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने

### ३.३.२ गैरकर राजस्व

#### क) बहाल बिटौरी शुल्क

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । उक्त ऐनको आधारमा नगरपालिकाको आर्थिक ऐनले अव्यवस्थित, भूमिहीन र सुकुम्बासी बसोवास भएका स्थानमा घरले चर्चेको जग्गा र सो जग्गामा निर्माण भएका घरमा अव्यवस्थित बसोवास व्यवस्थापन शुल्कको रुपमा बहाल बिटौरी शुल्क लगाइने व्यवस्था गरेको छ । नगरपालिकाले यस शीर्षकमा आ.व. २०७३।७४ मा १७९९०००।- संकलन गरेको, आ.व. २०७४।७५ मा २२,००,००० संकलन गरेको तथा चालु आ.व. २०७५।७६ मा रु. १५,००,००० संकलन गर्ने अनुमान गरेको छ । नगरपालिकामा सेमरा, ड्राइभरटोल, मणिग्राम, योगीकुटी, सीमानगर, वनकट्टी, भलवारी, कोटीहवा, कान्छी बजार, ९ नं., रामनगर, शिवनगर र भुल्का गरी मुख्य १० वटा हाटबजार रहेका छन् । यी हाटबजारमा नगरपालिकाले पूर्वाधार पनि बनाएको छ । चालु आ.व. २०७५।७६ मा यी हाटबजारहरु रु. ३५ लाखमा ठेक्का लागेको छ ।

नगरपालिका क्षेत्रमा सार्वजनिक जमिन कहाँ, के कति छ र यस्ता जमिनमा के कति परिपार बसोवास गरेका छन् वा के कति संरचना रहेका छन् भन्ने सम्बन्धमा नगरपालिकाले अध्ययन सुरु गरेको छ । प्रारम्भिक तथ्यांक अनुसार आनन्दवन सामुदायिक वन गेटबाट पूर्वतर्फ ८ वटा घर र खाली जग्गा व्यक्तिहरुले भोग गरेको, सुन्दरवस्ती साविक गाविस आनन्दवन-९ र कुञ्जलापुर नयाँ वस्ती साविक गाविस आनन्दवन-६ मा क्रमशः ८५ र २४ घर रहका छन् । पश्चिम पहुनीको दक्षिणतर्फ कुखुरा फार्म रहेको तथा गोरकट्टादेखि पश्चिम नदी उकास क्षेत्रमा ऋसरले तारबार गरेको छ । यसरी वडा नं. ६ मा मात्र न्यूनतम ११७ घर र दुई वटा व्यवसायिक संरचना रहेको देखिन्छ । सार्वजनिक जमिनमा बनेका घर वा संरचनाको हकमा नगरपालिकाले सम्पत्ति करको दररेटमा बहाल बिटौरी शिर्षक अन्तर्गत अव्यवस्थित बसोवास शुल्क भनी कर लिने गरेको छ ।

यकीन तथ्यांक उपलब्ध नभएको हुँदा यस अध्ययनको प्रयोजनका लागि सार्वजनिक जमिनमा बनेका न्यूनतम ५०० घर र २० वटा संरचना छन् भन्ने अनुमान गरी राजस्वको सम्भावना आँकलन गरिएको छ ।

**संभावनाः** चालु आ.व.मा नगरपालिकाका हाट बजार कुल रु. ३५ लाखमा ठेक्का लागेको देखिन्छ । आगामी आ.व.मा बढ्दो जनसंख्या, बस्ती र शहरीकरण तथा नगरपालिकाले हाट बजार व्यवस्थित गरि करको दर परिमार्जन गर्दा कम्तिमा १५ प्रतिशत बढीमा ठेक्का लाग्न सक्ने अनुमान गरी हाट बजारबाट रु. ४०,२५,००० र सार्वजनिक जमिनमा बनेको निजी घर र अन्य व्यवसायिक संरचना तथा माछा पोखरी बाट एकमुष्ट रु. १० लाख आय हुन सक्ने अनुमान गरी आगामी आ.व.का लागि कुल रु. ५०,२५,००० आय हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलनलाई अन्तिम रुप दिई बहाल विटौरी शुल्कको दायरामा ल्याउने
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

- नगरपालिकाले हाल उठाइ आएको अव्यबस्थित बसोबास व्यबस्थापन शुल्क संविधान र प्रचलित संघीय कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकारभित्र नपर्ने देखिएकोले विद्यमान आर्थिक ऐनमा परिमार्जन गरी बहाल विटौरी शुल्कको दायरामा ल्याउने

**ख) पार्किङ शुल्क**

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएबापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । नगरपालिकाले आर्थिक ऐनमा पार्किङ शुल्क सम्बन्धी कुनै व्यवस्था गरेको छैन । यसका लागि नगरपालिकाले पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्नु आवश्यक हुन्छ । नगरपालिकामा योजना शाखाको तथ्यांक अनुसार नगर क्षेत्रमा पक्की सडक ४१८ कि.मी. (३६ प्रतिशत), ग्राभेल सडक ४९३ कि.मी. (४२ प्रतिशत) र धुले सडक २४९ कि.मी. (२१ प्रतिशत) गरी कुल ११६० कि.मी. सडक रहेको छ । एक लाखभन्दा बढी जनसंख्या र एकदर्जनभन्दा बढी बजार केन्द्रहरु रहेको तथा नेपालको एक प्रमुख अन्तर्राष्ट्रिय नाका (भैरहवा) को नजिकको शहर भएकोले सिद्धार्थ राजमार्गमा दैनिक २० हजारभन्दा बढी सवारी साधन गुड्ने भए पनि यस नगरपालिका क्षेत्रभित्र पार्किङ स्थल रहेको छैन ।

**सम्भावना :** सिद्धार्थ राजमार्ग यहाँको प्रमुख सडक हो । यहाँ प्रति मिनेट औसत १५ वटा सवारी साधन गुड्ने र जसमध्ये करिब ५ प्रतिशत पार्किङ्को सुविधा प्रयोग गर्ने खालका (स्थानीय सवारीहरु तथा अन्य) हुन सक्ने अनुमान गरिएको छ । अन्य मुख्य सडकहरुमा बुद्ध परिक्रमा सडक, पत्थरडाँडा तिनाउ सडक, मंगलपुर-कान्छीबजार सडक, भलवारी-तिनाउ सडक तथा ड्राइभरटोल-विन्दानगर-शिवपुर सडक स्थानीय ट्राफिकको अवस्थाका आधारमा पार्किङ स्थल निर्माणको दृष्टिकोणले मुख्य सडकको रुपमा लिइएको छ । उल्लिखित सडकहरुमा पार्किङ पूर्वाधार निर्माण गरी स्थानीय यातायात व्यवस्थापनलाई सहज बनाउनुका साथै नियमित राजस्वको स्रोतको रुपमा र शहरीकरणको आवश्यकता सम्बोधन गर्न समेत सहज हुने भएकाले निम्नअनुसार पार्किङ स्थल निर्माण गर्दा राजस्व वृद्धिको सम्भावना देहायअनुसार हुने देखिन्छ ।

| क्र.सं. | पार्किङ स्थल निर्माणका लागि लक्ष्यित सडक | दैनिक अनुमानित सवारी साधन संख्या | दैनिक अनुमानित पार्किङ पटक | वार्षिक अनुमानित पार्किङ पटक | प्रति पटकको पार्किङ शुल्क | कुल आय |
|---|---|---|---|---|---|---|
| १ | सिद्धार्थ राजमार्ग (आ.व.२०७६।७७) | १०८०० | ५४० | १९७१०० | ५० | ९८५५००० |
| २ | बुद्ध परिक्रमा सडक (आ.व.२०७७।७८) | ३६०० | १८० | ६५७०० | ३० | १९७१००० |
| ३ | पत्थरडाँडा-तिनाउ सडक (आ.व.२०७७।७८) | २५२० | १२६ | ४५९९० | ३० | १३७९७०० |
| ४ | मंगलपुर-कान्छी बजार सडक (आ.व.२०७७।७८) | २८८० | १४४ | ५२५६० | ३० | १५७६८०० |
| ५ | भलवारी-तिनाउ सडक (आ.व.२०७७।७९) | २१६० | १०८ | ३९४२० | ३० | ११८२६०० |
| ६ | ड्राइभरटोल-विन्दानगर-शिवपुर सडक (आ.व.२०७६।७७) | ३६०० | १८० | ६५७०० | ३० | १९७१००० |
| | | | *१२७८* | *४६६४७०* | | *१७९३६१००* |

उपरोक्त अनुसार पार्किङ पूर्वाधार विकास गर्दा नगरपालिकालाई वार्षिक कुल रु. एक करोड ७९ लाख ३६ हजार १०० आम्दानी हुने देखिन्छ । आगामी आ.व.का लागि दुई वटा पार्किङ पूर्वाधार मात्र (सिद्धार्थ राजमार्ग र

ड्राइभरटोल-विन्दानगर-शिवपुर सडक) प्रस्ताव गरिएको छ, जसबाट रु. एक करोड १८ लाख २६ हजार संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- राजमार्ग दायाँबायाँ सडक अधिकार क्षेत्र बाहिरको उपयुक्त स्थानमा पार्किंङस्थल निर्माण गरी पार्किङ सेवा उपलब्ध गराउने
- पार्किङ शुल्कको दर निर्धारण गर्ने
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने

**ग) फोहोर मैला व्यवस्थापन शुल्क**

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकासजस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । प्रारम्भिक अनुमान अनुसार नगरपालिकामा दैनिक औसत २५ टन फोहोर निष्कासन हुने गरेको छ । पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा गर्ने नगरपालिकाको नीति रहेको छ । हालको अवस्था हेर्दा नगरपालिकाले वडा नं. ५ र ६ को फोहोर व्यवस्थापनको जिम्मा एक निजी कम्पनीलाई दिएको छ । वडा नं. ७-९ तथा वडा नं. १५-१६ को फोहोर व्यवस्थापन समुदाय आफैंले गर्ने गरेका छन् । फोहोर व्यवस्थापनका लागि नगरपालिकाले उक्त कम्पनीलाई मासिक रु. एक लाख २५ हजार भुक्तानी गर्ने गरेको छ भने संकलन भएको कुल शुल्कमा ५ प्रतिशत रकम नगरपालिकालाई बुझाउने सम्झौता रहेको छ । उक्त कम्पनीले प्रति घरधुरीबाट रु. ७५ का दरले शुल्क उठाउने गरेको छ । यस दरमा गत आ.व. २०७४।७५ मा उक्त दुई वडामा कुल रु. २८ लाख २४ हजार संकलन गरेको र यसको पाँच प्रतिशतले हुने आउने रकम नगरपालिकालाई बुझाएको पाइन्छ । उठेको फोहोर विसर्जन मात्र गर्ने गरिएको छ र फोहोर मैला प्रशोधन सम्बन्धी कुनै काम भएको देखिँदैन ।

**सम्भावना:** नगरपालिका आफैंले एकीकृत फोहोरमैला व्यवस्थापन प्रणाली कार्यान्वयन गर्न सकेको खण्डमा व्यवस्थापकीय, वातावरणीय र राजस्व परिचालनका दृष्टिकोणले समेत बढी प्रभावकारी हुने देखिन्छ । यसका लागि नगरपालिकाले पूर्वाधार र कर्मचारी समेत तदनुरुप व्यवस्थापन गर्नुपर्ने हुन्छ । नगरपालिकामा कुल घरधुरी संख्या २५५०३ रहेको छ । फोहोरमैला व्यवस्थापनलाई शहरीकरणको आधारमा चरणवद्ध रुपमा अघि बढाउँदा उपयुक्त हुन्छ । यसर्थ, पहिलो चरणमा मुख्य बजार क्षेत्र रहेको वडा नं. १ देखि ६ सम्म, दोस्रो चरणमा बजार र कृषिको मिश्रित क्षेत्र रहेको वडा नं. ७ देखि १० सम्म र तेस्रो चरणमा मूलतः कृषिप्रधान रहेको वडा नं. ११ देखि १७ सम्मलाई प्रस्ताव गरिएको छ । यी तिनै चरणमा फोहोर मैला व्यवस्थापन नगरपालिका आफैंले गर्दा प्रति घरधुरी हाल चलिरहेको दर ७५ ले फोहोर मैला संकलन व्यवस्थापन शुल्क स्वरुप कुल रु. दुई करोड २९ लाख ५२ हजार ७०० असुल हुन सक्ने देखिन्छ । यद्यपि आगामी वर्षदेखि यस योजना अवधिसम्मका लागि पहिलो चरणका छ वटा वडाबाट संकलन हुन सक्ने कुल रु. ८३ लाख २७ हजार ७०० लाई मात्र यस योजना अवधिको सम्भाव्य आयको रुपमा प्रस्तुत गरिएको छ ।

| फोहोर व्यवस्थापन गरिने क्षेत्र र चरण | घरधुरी संख्या | मासिक शुल्क रु. | वार्षिक आय रु. |
|---|---|---|---|
| पहिलो चरण : वडा नं. १ देखि ६ सम्म (मुख्य बजार क्षेत्र र फोहोरमैला व्यवस्थापन सुरु भइसकेको क्षेत्र) | ९२५३ | ७५ | ८३२७७०० |
| दोस्रो चरण : वडा नं. ७ देखि १० सम्म (बजार र कृषिको मिश्रित क्षेत्र) | ६२९८ | ७५ | ५६६८२०० |
| तेस्रो चरण : वडा नं. ११ देखि १७ सम्म (मूलतः कृषिप्रधान क्षेत्र) | ९९५२ | ७५ | ८९५६८०० |
| | २५५०३ | | २,२९,५२,७०० |

**सुधारका पक्षहरूः**

फोहोर मैला व्यवस्थापनका सन्दर्भमा निम्नअनुसार सुझावहरु प्रस्तुत गरिएको छ :

- नगरपालिका आफैंले एकीकृत फोहोर व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउने । यसका लागि आवश्यक भौतिक स्रोत साधन व्यवस्थापन गर्ने
- घरधुरीमै फोहोर वर्गीकरण गर्ने कार्यलाई अनिवार्य बनाउने
- फोहोरमैला प्रशोधन केन्द्रका लागि जग्गा छनौट गर्ने र पूर्वाधार विकास र संचालनका लागि छिमेकी नगरपालिकासँगको सहकार्य तथा सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप काम अघि बढाउने
- फोहोरमैला प्रशोधन/व्यवस्थापनका प्रभावकारी वैकल्पिक उपायहरु तथा सफल अभ्यासहरुको खोजी गरी उपयुक्त विधि कार्यान्वयनमा ल्याउने ।

**घ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**हालको अवस्थाः**

नगरपालिकाले दस्तुर शीर्षक अन्तर्गत नक्सापास दस्तुर, सिफारिश तथा बक्सौनी दस्तुर, घटना दर्ता विलम्ब दस्तुर अन्य दस्तुर (बाटो मर्मत; पर्यावरण, संरक्षण तथा सवारी दस्तुर; सडक कटान दस्तुर, निवेदन तथा सिफारिश, सर्जमिन, जग्गा प्लटिङ अनुमति, इजाजत तथा नवीकरण आदि) आर्थिक ऐनमा तोकी राजस्व संकलन गरिआएको छ । आ.व. २०७४।७५ मा यस शीर्षकमा कुल रु. २ करोड ९४ लाख २१ हजार ९८६ संकलन गरेकोमा चालु आ.व. २०७५।७६ मा रु. ३ करोड ९२ लाख ५० हजार संकलन गर्ने लक्ष्य राखेको छ ।

राजस्व संकलन नगरपालिका कार्यालयसहित सबै वडा कार्यालयहरुबाट गर्ने गरिएको छ । बिलिङको लागि नगरपालिका कार्यालयसहित सबै वडाहरु समेतमा कम्प्युटर, राजस्व सफ्टवेयर तथा इन्भर्टरको व्यवस्था भए पनि हाते बिलसमेत प्रयोग गर्ने गरिएको पाइन्छ । खासगरी वडा नं. १, २, ३, ६, ९ र १० ले बिलिङका लागि कम्प्युटर सफ्टवेयरका अतिरिक्त हाते बिल प्रयोग गर्ने गरेका छन् ।

**सम्भावनाः** सिफारिश वा प्रमाणित नगरपालिकाको नियमित र निरन्तर काम भएकाले यो नगरपालिकाको आम्दानीको एक नियमित स्रोत समेत हो । यस शीर्षकमा विगतको आय प्रवृत्ति, जनसंख्या तथा बढ्दो शहरीकरणलाई मध्यनजर गर्दा  कुल रु. तीन करोड तीन लाख पाँच हजार आय गर्न सक्ने अनुमान गरिएको छ :

| प्रमाणित तथा दस्तुरका प्रकारहरू | औसत दर (रु.) | अनुमानित संख्या (वार्षिक) | संभाव्य रकम (रु.) |
|---|---|---|---|
| निवेदन तथा सिफारिश दस्तुर | ३०० | ५१००० | १५३००००० |
| व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | ५० | ३६०० | १८०००० |
| प्रमाणित दस्तुर | ४०० | ७६५ | ३०६००० |
| जग्गा प्लटिङ अनुमति दस्तुर | १००००० | १० | १०००००० |
| अन्य दस्तुर | ५०० | ५००० | २०००००० |
| न्यायिक दण्ड जरिवाना र जफत | ५०० | ३० | २५००० |
| प्रशासनिक दण्ड जरिवाना | १५०० | ६० | १००००० |
| अन्य विविध आय | | | ५००००० |
| **जम्मा** | | | **१९४११०००** |

**सुधारका पक्षहरू:**

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।
- सबै वडा कार्यालयहरुमा कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।

### ङ) पर्यटन स्थल प्रवेश शुल्क

**हालको अवस्था:**

नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ । तर हालसम्म पर्यटन शुल्क सम्बन्धमा कुनै निर्णय भने गरेको छैन ।

तिलोत्तमा नगरपालिका पर्यटकीय सम्भावना रहेको छ र यो सम्भावना अझै बढ्दै गएको देखिन्छ । पर्यटकीय सम्भावना भएका मुख्य स्थलहरुमा नियमित रुपमा सञ्चालन हुने औद्योगिक/व्यापारिक प्रदर्शन, चिडियाघर, स्वीमिङ पुल, खेल मैदान, संगीतालय हुन् ।

**सम्भावना :**

शंकरनगर वन बाटिका तथा यहाँ रहेको चिडिया घर, निर्माणाधीन दृश्यावलोकन केन्द्र (भ्यू टावर), चिडिया घर; हरियाली पार्क, संगम पार्क, बोटानिकल गार्डेनलगायतका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुको पूर्वाधार विकासमा सहभागी भई नगरपालिकाले यी स्थलहरुबाट नियमित रुपमा अर्थोपार्जन गर्ने सम्भावना रहेको छ । यी सबै संरचना निर्माणमा नगरपालिकाबाट समेत ठूलो लगानी गरिएको हुँदा सम्बन्धित व्यबस्थापन पक्षसँग नगरपालिकाले छलफल र समझदारी कायम गरी हाललाई प्रवेश शुल्क वापत उठेको कुल रकमको १५ प्रतिशतसम्म नगरपालिकाले प्राप्त गर्न सकिने मोटामोटी अनुमानका आधारमा निम्नअनुसार कुल रु. २६ लाख ५७ हजार २५० नगरपालिकाले वार्षिक रुपमा आय गर्न सक्ने आँकलन गरिएको छ :

**ट+ँणश+ ६म खौ{घ ज्ञ”नशश+] ;दै+जौट+ ँझ्ज्ञ/)+**

| क्र. सं. | पर्यटन स्थलको नाम | अनुमानित पर्यटक संख्या | | प्रवेश शुल्क रु. | अनुमानित कुल वार्षिक आय रु. | नगरपालिकाको आय सम्भावना |
|---|---|---|---|---|---|---|
| | | दैनिक | वार्षिक | | | |
| १ | शंकरनगर वन बाटिका | ५४८ | २००००० | ५० | १००००००० | १५००००० |
| २ | चिलिया (बाउन्नकोटी) सामुदायिक वन पिकनिक स्थल | १५० | ५४७५० | ४० | २१९०००० | ३२८५०० |
| २ | हरियाली पार्क | ४१ | १५००० | ३५ | ५२५००० | ७८७५० |
| ३ | संगम पार्क | १३७ | ५०००० | २५ | १२५०००० | १८७५०० |
| ४ | बोटानिकल गार्डेन | २७ | १०००० | २५ | २५०००० | ३७५०० |
| | | **१०९५** | **३९९७५०** | | **१,७७,१५,०००** | **२१,३२,२५०** |

** पर्यटन शुल्कको १५ प्रतिशत नगरपालिकाका लागि प्रस्तावित गरिएको*

**सुधारका पक्षहरूः**

- सम्बन्धित व्यबस्थापनसँग छलफल गरी सहमति कायम गर्ने
- सहमति अनुरुप नगरपालिकाको आर्थिक ऐनमा यस सम्बन्धी व्यबस्था गर्ने
- रकम हस्तान्तरणको विधि तय गर्ने ।
- सबै संरचनाहरुको पूर्वाधार निर्माणमा नगरपालिकाले गर्ने लगानी र अन्य सहजीकरणका विषयमा समेत सहमति कायम गर्ने ।

**च) नक्सापास दस्तुर**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देश गरेको छ । नगरपालिका आर्थिक ऐनले आर.सी.सी. तथा लोडवियरिङ घरको नक्सापास दस्तुर प्रति वर्ग फुट रु. ५ का दरले तथा क र ख वर्गका अपांगहरुका हकमा रु. २.५ का दरले, अस्थायी तथा सामान्य कच्ची घर (पुरानो)को रु. २०००।-, नयाँ कच्ची घर तथा ट्रसको  प्रति वर्ग फुट रु. ३, आर.सी.सी. घरको तला थपमा रु. ५।- प्रति वर्ग फुट, नक्सापास दरखास्त फारामको रु. ५०० एवम् रितले अन्य सम्बन्धित शीर्षकमा दस्तुर तोकेको छ । नगरपालिकाले आ.व. २०७३।७४ मा यस शीर्षकमा रु. दुई करोड २० लाख ८७ हजार संकलन गरेको थियो । त्यसैगरी आ.व. २०७४।७५ मा ३ करोड ५० लाख २२ हजार संकलन भएको र चालु आ.व. २०७५।७६ मा भने रु. दुई करोड मात्र संकलन गर्ने अनुमान गरेको छ । गत विगत वर्षहरुमा पुराना घरहरुको अभिलेखीकरण समेत गरिएको कारण यसबाट ठूलो रकम संकलन भएको भएता पनि हाल अभिलेखीकरण घरहरुको संख्या कम हुँदै गएकोले चालु वर्षको अनुमान गत बर्षकोभन्दा कम रहेको देखिन्छ ।

**सम्भावनाः** नक्सापास नगरपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । नक्सा शाखाको तथ्यांक अनुसार औसतमा दैनिक तीन वटा आरसीसी घर र पाँच वटा ट्रसमा आधारित घर नक्सापासका लागि आउने गरेका छन् ।  प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय निम्नअनुसार कुल रु. तीन करोड १९ लाख २० हजार आँकलन गरिएको छ ।

| क्र.सं. | शुल्क दस्तुर | अनुमानित संख्या | औसत क्षेत्रफल (घन फुट) | प्रस्तावित दर | राजस्व रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | नक्सापास आर.सी.सी. घर | ९०० | १५०० | रु. ८ प्रति वर्ग फुट | १०८००००० |
| २ | नक्सापास कच्ची, ट्रस | १५०० | १२०० | रु. ५ प्रति वर्ग फुट | ९०००००० |
| ३ | फाराम शुल्क | २४०० | | रु. ५० प्रति फाराम | १२०००० |
| ४ | अभिलेखीकरण तथा अन्य सम्बन्धित दस्तुर | एकमुष्ठ | | | १२०००००० |
| कुल राजस्व | | | | | **३,१९,२०,०००** |

**सुधारका पक्षहरुः**

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्त करदातालाई सहुलियत प्रदान गर्ने

- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने

**छ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)**

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । यो व्यवस्था भर्खरै प्रचलनमा आएको स्थानीय तह सञ्चालन ऐनले गरेको हुनाले नगरपालिकाले आर्थिक ऐनमा सेवा शुल्क, दस्तुर शीर्षक अन्तर्गत निर्माण व्यबसायी ईजाजत र नविकरण दस्तुरको दर रु १००० तोकेको छ भने घरेलु तथा साना उद्योगको ईजाजत र नविकरण एबम् संस्थागत विद्यालय, कक्षा थप, स्वास्थ्य संस्था ईजाजत र नविकरण दस्तुर कार्यपालिकाले कार्यविधि बनाई तोक्ने उल्लेख गरिएको छ ।

**सम्भावना :** नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमन गर्न तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल सञ्चालनमा रहेका निजी विद्यालय, फार्मेसी, रेडियो, घरेलु तथा साना उद्योगहरु गरी करिब ५०० को संख्यामा सञ्चालनमा रहेको अनुमान छ । व्यवसाय करको दायरामा आउने बाहेकका यस्ता व्यवसायिक फर्म/संस्था र उद्योगहरुलाई औसतमा रु. २००० का दरले दर्ता, अनुमति र नवीकरण दस्तुर लिँदा प्रति वर्ष रु. १०,००,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- दर्ता, अनुमती र नवीकरणका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता, अनुमति र नवीकरण दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ संस्था, फर्म वा उद्योग स्थापना गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका संस्था, फर्म वा उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

**ज) बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)**

**हालको अवस्थाः** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

नगरपालिका क्षेत्रमा तिलोत्तमा, तिनाउ, रोहिणी, सुखौरा लगायतका नदी/खोलाहरु रहेका छन् । ती खोला नदीहरु बाट नदी जन्य पदार्थहरु बिकी भई देहाय बमोजिमको रकम संकलन भएको अवस्था छ :

| क्र.सं. | नदीजन्य पदार्थ बाट संकलन विवरण | आ.व. २०७४।७५को यथार्थ | आ.व. २०७५।७६को अनुमान | आ.व. २०७५।७६को ज्येष्ठ मसान्त सम्मको यथार्थ संकलन |
|---|---|---|---|---|
| १ | ठेक्का मार्फत् संकलन | | | १२,०९,२४,१२० |
| २ | अमानत बाट संकलन | | १,१०,००,००० | ४,१०,७८,२६३ |
| ३ | सडक मर्मत संभार दस्तुरका नाममा | १,१८,०८,०६२ | | १,०८,२१,१०६ |
| | **कुल जम्मा** | १,१८,०८,०६२ | १,१०,००,००० | १७,२८२,३,४८९ |

**संभावना:** तिनाउ नदीका विभिन्न पाँच स्थलमा प्रारम्भिक वातावरण परिक्षण सम्पन्न भई जिल्ला समन्वय समितिबाट स्वीकृत भएको छ । उक्त पाँच स्थलमा २१ लाख १५ हजार ४९५ घन फुट उत्खनन् गर्न सकिने भनी उक्त अध्ययनले सिफारिश गरेको छ । थप दुई स्थलमा समेत अध्ययन जारी रहेको हुँदा यी दुईबाट के कति उत्खनन् गर्न सकिन्छ भन्ने तथ्यांक प्राप्त भएको छैन । प्रदेश ५ ले ढुंगा, गिट्टी, बालुवाको बिक्री शुल्क प्रति घन फुट रु. ६ निर्धारण गरेको छ । अन्य प्रदेशसँगको अनुभवका आधारमा प्रति घन फुट रु. १० का दरले आर्थिक ऐनमा समावेश गर्न प्रस्ताव गरिएको छ । प्रति घन फुट रु. १० का दरले निम्नअनुसार कुल रु. दुई करोड ७१ लाख ५४ हजार ९५१ संकलन हुन सक्ने अनुमान गरिएको छ ।

| क्र.सं. | संकलन/उत्खनन् स्थल | उत्खनन् गर्न सकिने परिमाण (घ.मि.) | उत्खनन् गर्न सकिने परिमाण घन फिटमा | प्रस्तावित दर प्रति घन फुट | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|---|
| १ | तिनाउ नदी हरपुर घाट क | १४८१९.४ | ५२३३४२.१७१७ | १० | ५२३३४२१.७ |
| २ | तिनाउ नदी हरपुर घाट ख | ४९४४.४४ | १७४६११.२५०६ | १० | १७४६११२.५ |
| ३ | तिनाउ नदी सेमरीघाट क | १५५५०.१७ | ५४९१४९.०७०७ | १० | ५४९१४९०.७ |
| ४ | तिनाउ नदी समेरीघाट ख | १११८७.२६ | ३९५०७४.३५८२ | १० | ३९५०७४३.६ |
| ५ | तिनाउ नदी सेमरीघाट ग | १३४०२.८८ | ४७३३१८.२४ | १० | ४७३३१८२.४ |
| | *कुल* | *५९९०४.१५* | *२१,१५,४९५.०९१* | | *२११५४९५१* |
| | अध्ययन भइरहेका थप दुई स्थलको अनुमानित एकमुष्ट | | | | *६००००००* |
| | **कुल जम्मा** | | | | **२,७१,५४,९५१** |

माथी उल्लेखित सम्भावना नगरपालिकाले गरेको प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदनको आधारमा गणना गरिएको हो ।

***तर यस नगरपालिकाले चालु आ.व.को ज्येष्ठ मसान्त सम्म १७ करोड २८ लाख २३ हजार ४ सय ८९ रुपैया संकलन भई सकेको अवस्था छ । यस संकलनको अवस्थाले नगरपालिकाले तयार गरको प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन नै त्रुटीपुर्ण भएको वा सम्भाव्य स्थलहरुको प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन नभएको हुनसक्ने देखिन्छ । तसर्थ नगरपालिकाले यस अवस्थालाई मुल्यांकन गरि तत्काल पुर्नविचार गरि आवश्यक कदम चाल्नु पर्ने अवस्था देखिन्छ । हालको तथ्यांक र संकलन विचको अन्यौलको अवस्थामा आगामी आ.व.मा चालु आ.व.को ज्येष्ठ मसान्तसम्म संकलित रकममा २५ प्रतिशतले बृद्धि भई करिब रु. २१ करोड ६० लाख संकलन हुने अनुमान गरिएको छ ।***

**सुधारका पक्षहरू:**

- नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गरिसकेको तथा अन्य अतिरिक्त सम्भाव्य क्षेत्रहरुको समेत विषय विज्ञद्धारा प्रारम्भिक वातावरणीय परीक्षण गर्ने ।
- सम्बन्धित सबै क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने ।
- हाल नगरपालिकाले संकलन गरिरहेका विभिन्न शिर्षकहरु (जस्तै शुल्क, बिक्रीमा कर, निकासी, मर्मत सम्भार शुल्क) लाई हटाई एकमुण्ठ बिक्रीको दर निर्धारण गर्ने ।
- ढुङ्गा, गिट्टी तथा बालुवा बिक्री सम्बन्धी ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व नगरसभाबाट बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- निजी जमिनको उत्खनन् सम्बन्धमा आर्थिक ऐनमा आवश्यक व्यबस्था गरी सम्भाव्यताका आधारमा अनुमति दिने ।
- नगरपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

### झ) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय

**हालको अवस्था:** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ ख. थप गरे पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिका क्षेत्रमा शंकरनगर सामुदायिक वन, आनन्दवन सामुदायिक वन, करहिया सामुदायिक वन, मधुवन, कालिका, सगरहवा, समैया, गंगाजमुना, सुखौरा-हरियाली तथा मिलन सामुदायिक वन गरी १० वटा सामुदायिक वन रहेका छन् । साल, सिसौ तथा असना यहाँ पाइने मुख्य ठूला प्रजाति हुन् । यी वनहरुमध्ये शंकरनगर, करहिया, रामनगर तथा आनन्द वन ठूला वन हुन् ।

| क्र.सं. | विवरण | तथ्यांक |
|---|---|---|
| १ | सामुदायिक वन संख्या | १० |
| २ | प्रति सा.व.को सरदर वार्षिक वन पैदावार बिक्री परिमाण अनुमानीत (घन फुट) | ५००० |
| ३ | वन पैदावारको औसत मूल्य (प्रति घन फुट) | ५०० |
| ४ | वन पैदावारको कुल बिक्री मूल्य | २५००००० |
| ५ | नगरपालिकाले प्राप्त गर्न सक्ने १० प्रतिशत आय (रु) | २५,००,००० |

**सम्भाव्यता** सामुदायिक वन पैदावार बिक्रीको १० प्रतिशत रकम यकीन गर्न नगरपालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले वार्षिक रुपमा गर्ने कुल वन पैदावार बिक्रीको परिमाण सम्बन्धी यकीन तथ्यांक आवश्यक पर्दछ। यस सम्बन्धी विस्तृत तथ्यांक उपलब्ध नभए पनि जिल्ला वन कार्यालयको अभिलेख तथा यसका प्रकाशनहरुका आधारमा नगरपालिकाका ठूला सामुदायिक वनले वार्षिक रुपमा करिब रु. १०,००० घन फुट वन पैदावार बिक्री गर्ने गरेको तथ्यांक भेटिन्छ। बिक्री मूल्य सिसौको प्रति घनफुट रु. ४००

र सालको प्रति घनफुट रु. १००० रहेको छ । यस प्रारम्भिक तथ्यांकका आधारमा नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐनको संशोधित व्यबस्था बमोजिम सामुदायिक बनहरुबाट कुल रु. २५ लाख रकम प्राप्त गर्न सक्ने अनुमान गरिएको छ :

**सुधारका पक्षहरू:**

- नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसँग छलफल गरी परिवर्तित प्रावधानका बारेमा जानकारी गराउने
- सामुदायीक वन पैदावार बिकी तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना माग गरी वीकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने र  रकम प्राप्तीको व्यवस्था मिलाउने ।
- वन कार्यालयसँगको समन्वयमा अनुगमन गर्ने ।

# परिच्छेद – ४
# आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसबाट नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

**ट+ँणश+ ७म /+थ:झ ख/+डज्ञ{ ;ँडँट**

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | जगेश्वर देवी चौधरी | उपप्रमुख | संयोजक |
| २ | कृष्ण प्रसाद सापकोट | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | तामानाथ पाण्डे | कार्यपालिका सदस्य | सदस्य |
| ४ | राधा शाही | कार्यपालिका सदस्य | सदस्य |
| ५ | गुणनिधि भण्डारी | उ.वा.संघ प्रतिनिधि | सदस्य |
| ६ | सत्यव्रत ज्ञवाली | व्यापार संगठन प्रतिनिधि | सदस्य |
| ७ | झविन्द्र प्रसाद कँडेल | व्यापार संघ प्रतिनिधि | सदस्य |
| ८ | इन्द्रदत्त सापकोटा | राजस्व अधिकृत | सदस्य सचिव |

यस समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी नगरपालिकामा सिफारिश गर्नेलगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ । वि.सं. २०७४ साउन १७ गतेका दिन समितिको बैठक बसी नगरपालिकाले आ.व. २०७४।७५ मा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरेको थियो ।

***नगर सभाले आ.व.२०७५।७६ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्ययोजनाहरू :***

तिलोत्तमा नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ को लागि राजस्व परिचालनका लागि निम्न बमोजिमका नीति तथा कार्ययोजनाहरू तय गरेको छ :

- नगरवासीलाई कर तिर्नु बोझ होइन आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउने
- प्रगतिशील कर प्रणालीको अवलम्बन गर्ने
- घर वहाल कर संकलनको अधिकारलाई संक्षिप्त मापदण्ड जारी गरी वृहद् अभियान सञ्चालन गर्ने
- राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतको पहिचान गर्ने

- २०७५ श्रावण १ देखि एकीकृत सम्पत्ति कर लागू गर्ने
- वैज्ञानिक र समन्यायका सिद्धान्तका आधारमा प्रगतिशील ढाँचामा कर लगाइने
- सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई उत्कृष्ट करदाताका रुपमा पुरस्कृत गर्ने
- रु. एक लाखभन्दा बढीको खर्चको विवरण वेवसाइटमार्फत् सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गर्ने
- आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउने
- एकीकृत सम्पत्ति करबाट संकलित राजस्वको २५ प्रतिशत रकम सम्बन्धित वडाको विकासका लागि नै व्यवस्थापन गर्ने ।

नगरपालिकाको राजस्व सम्बन्धी नीति अनुसार चालु आ.व. २०७५।७६ देखि एकीकृत सम्पत्ति कर लगाउने प्रावधान राखिएको भए पनि संघीय आर्थिक ऐन, २०७५ बाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको संशोधनले गाउँपालिका तथा नगरपालिकाले सम्पत्ति कर र भूमिकर (मालपोत) छुट्टा छुट्टै लिनुपर्ने व्यवस्था गरेको छ । यसै व्यवस्थाको कार्यान्वयनका लागि नगरपालिकाले आर्थिक ऐन, २०७५ मा आवश्यक संशोधन समेत गरेको छ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

नगरपालिकाले चालु आ.व. २०७५।७६ देखि सम्पत्ति कर कार्यान्वयन सुरु गरेको छ । कवाडी, जीवजन्तु, जडीबुटी, पर्यटन शुल्क बाहेक स्थानीय सरकार सञ्चालन ऐनले अख्तियारी प्रदान गरेका अन्य प्रायः सबै शीर्षकमा नगरपालिकाले कर संकलन गर्दै आएको छ । आ.व. २०७३।७४ को तुलनामा आ.व. २०७४।७५ मा कुल आन्तरिक आयमा २४ प्रतिशतले वृद्धि भएको देखिन्छ । राजस्व बाँडफाँडबाट प्राप्त हुने आय उक्त अवधिमा ९४ प्रतिशतले घटेको देखिन्छ । स्रोत बाँडफाँड बापत प्राप्त हुने रकम पछिल्लो आ.व.मा प्राप्त नभएकाले घटेको देखिन्छ । यस्तै अनुदानतर्फको रकम २१४ प्रतिशतले बढेको देखिन्छ भने समग्रमा उक्त दुई वर्षमा नगरपालिकाको आय १२२ प्रतिशतले वृद्धि भएको पाइन्छ । यससम्बन्धी थप विवरण देहायअनुसार रहेको छ :

**तालिका : नगरपालिकाको राजस्व संकलनको अवस्था (रु. हजारमा)**

| आय शिर्षक | २०७३।७४ को यथार्थ आय रु. | २०७४।०७५ को यथार्थ आय | वार्षिक बृद्धि दर (प्रतिशत) | २०७५।०७६ को अनुमानीत आय |
|---|---|---|---|---|
| **क. आन्तरिक आय** | | | | |
| सम्पत्ति कर | ० | ० | | २७०००० |
| मालपोत (भुमिकर) | ५९५९ | ११५४२ | ८७ | |
| वित्तिय संस्था कर | ७३ | १०२ | ३९ | |
| प्राकृतिक स्रोत उपयोग कर | १०२४१ | ११८०८ | १५ | |
| हाट वजार पसल कर (बहाल विटौरी शुल्क) | १७९९ | २४२१ | ३५ | १५०० |
| घर जग्गा कर | १७९५ | ४५१४ | १५२ | |
| बहाल कर | ११२२ | ११२१ | ० | ६००० |
| व्यवसाय कर | १७९४ | १००३४ | ४५९ | |
| सवारी साधन कर | १९७ | ८१९ | ३१५ | १००० |
| व्यवसायीक भिडियो कर | २७ | १११ | ३१२ | |
| विज्ञापन कर | ० | १२३ | | १००० |
| अन्य सेवा सुल्क | २ | ० | | २५०० |
| नक्सा पास दस्तुर | २२०८७ | ३५०२२ | ५९ | २०००० |
| सिफारिस तथा बक्सौनी दस्तुर | ७१५९ | १८८५५ | १६३ | १८००० |
| अन्य दस्तुर | | | | १००० |
| शिक्षा तथा स्वस्थ्य विकास कर | ४६६०३ | २३९८६ | (४९ | १०००० |

| आय शिर्षक | २०७३।७४ को यथार्थ आय रु. | २०७४।०७५ को यथार्थ आय | वार्षिक बृद्धि दर (प्रतिशत) | २०७५।०७६ को अनुमानीत आय |
|---|---|---|---|---|
| व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | १७४ | २७९ | ६० | २५० |
| विक्री आय (२०७५।७६- ढुंगा, गिट्टी, बालुवा) | ० | ० | | |
| दण्ड जरिवाना | २ | ० | | |
| अन्य आय | ९०९ | ३२०६ | २५३ | ११००० |
| धरौटी जफत | ० | १५० | | |
| सडक मर्मत तथा पर्यावरण | ० | ० | | |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | | २५०९० |
| अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | | ५१००० |
| **जम्मा आन्तरिक आम्दानी** | **९९९४४** | **१२३६९३** | **२४** | **४१८३४०** |
| **ख. राजस्व बाँडफाँडबाट प्राप्त आय** | | | | |
| संघीय सरकार बाट (मु.अ.कर तथा अन्तः शुल्क) | ० | ० | | १२६२३३ |
| प्रदेश सरकार बाट (सवारी साधन) | | | | २७२०० |
| रजिस्टेशन बाट आय | ३०३५९ | २८४७ | | |
| श्रोत उपयोगबाट प्राप्त बाडफाड | १७०६२ | ० | | |
| जिविसबाट प्राप्त रकम | २६३ | ० | | |
| **जम्मा राजस्व बाँडफाँडबाट प्राप्त आय** | **४७६८४** | **२८४७** | **(९४** | **१५३४३३** |
| **ग. अनुदान तथा हस्तान्तरण** | | | | |
| **<u>अनुदान तर्फ</u>** | | – | – | – |
| संघीय सरकार : समानिकरण | | | | २१७८०० |
| संघीय सरकार : शसर्त | | | | २७२७०० |
| संघीय सरकार : विशेष | | | | २०४२९ |
| संघीय सरकार : अन्य | | | | १५६५०० |
| प्रदेश सरकार : समानिकरण | | | | ५९७८ |
| प्रदेश सरकार : शसर्त | | | | ७५०० |
| स्थानिय निकाय सशर्त चालु अनुदान | ५००० | ६४८०० | | |
| स्थानिय निकाय सशर्त पुजिगत अनुदान | ९२१६ | ० | | |
| स्थानिय निकाय निशर्त पुजिगत अनुदान | ५३१३१ | २९१०४३ | | |
| शिक्षा स्वास्थ्य आयुरवेद | ० | २०६१८९ | | |
| एल जि सि डि पि चालु अनुदान | २१०३ | १०११ | | |
| एल जि सि डि पि पुजिगत अनुदान | ० | ६०० | | |
| जगेडाकोष बाट अनुदान | १९१७४ | ० | | |
| गरिव संग विशेश्वर कार्यक्रम | ० | ४२९ | | |
| सडक बोर्ड नेपाल बाट प्राप्त | ४५०० | ४००० | | |
| सामाजिक सुरक्षा अनुदान | ११५७९४ | ११९७५९ | | |
| संघीय संरचना पुर्वाधार विकास कार्यक्रम अनुदान | १०००० | ० | | |
| **अनुदानतर्फको जम्मा** | **२१८९१८** | **६८७८३२** | **२१४** | **६८०९०७** |
| **घ. जनसहभागिता** | | | | **४०००** |
| **जम्मा आय (क + ख + ग+ घ)** | **३६६५४५** | **८१४३७२** | **१२२** | **१२५६६८०** |

चालु आ.व.को अनुमानित आय लक्ष्यको फागुन मसान्तसम्मको प्रगति अवस्था हेर्दा कुल प्रस्तावित रकमको २६ प्रतिशत मात्र आय संकलन भएको देखिन्छ । यस सम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छ :

**तालिका : चालु आ.व. २०७५।७६को आन्तरिक आय अनुमान तथा फागुन मसान्तसम्म संकलनको अवस्था**

**(रु. हजारमा)**

| आय शिर्षक | चालु आ.व.को अनुमानीत आय | फागुन मसान्तसम्म संकलित | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| सम्पत्ति कर | २७०००० | २२९०८ | |
| मालपोत (भुमिकर) | | | ८ |
| हाट वजार पसल कर (बहाल विटौरी शुल्क) | १५०० | ३४७३ | २३२ |
| बहाल कर | ६००० | ४१०७ | ६८ |
| सवारी साधन वार्षिक सवारी कर | १००० | ० | ० |
| विज्ञापन कर | १००० | ३४५ | ३५ |
| अन्य सेवा सुल्क | २५०० | ० | ० |
| नक्सा पास दस्तुर | २०००० | १७२२७ | ८६ |
| सिफारिस तथा बक्सौनी दस्तुर | १८००० | ८२१४ | ४६ |
| अन्य दस्तुर | १००० | | ० |
| शिक्षा तथा स्वस्थ्य विकास कर | १०००० | १४७२१ | १४७ |
| व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | २५० | १६३ | ६५ |
| विक्री आय (२०७५।७६- ढुंगा, गिट्टी, बालुवा) | ५१००० | २१८१६ | ४३ |
| अन्य आय | ११००० | २९०२ | २६ |
| सडक मर्मत तथा पर्यावरण | ० | ६९८६ | |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २५०९० | ७३७७ | २९ |
| **जम्मा आन्तरिक आम्दानी** | ४१८३४० | ११०२४० | २६ |

नगरपालिकाको विगत दुई वर्षको कुल आय संरचना हेर्दा आ.व. २०७३।७४ को कुल आयमा आन्तरिक आयको हिस्सा २७ प्रतिशत रहेको छ भने आ.व. २०७४।७५ मा १५ प्रतिशत रहेको देखिन्छ । आ.व. २०७४।७५ मा सशर्त पूँजीगत अनुदान घटेको हुँदा राजस्व फाँडफाँडबाट प्राप्त रकम पनि उल्लेख्य रुपमा घटेको पाइन्छ । नगरपालिकाको कुल आयमा बाह्य स्रोतको हिस्सा सबैभन्दा धेरै रहेको देखिन्छ । यस सम्बन्धी थप विवरण देहाय अनुसार रहेको छ :

**ट+ँणश+ ८म घ्/ख+ँणश+श+] श”ण छ+ौ ;+/घ+**

| आय स्रोत | २०७३/७४ | प्रतिशत | २०७४/७५ | प्रतिशत |
|---|---|---|---|---|
| आन्तरिक आय (रु.) | ९९९४३८१९.५५ | २७.३ | १२३६९३०८२.७ | १५.२ |
| राजस्व बाँडफाँड (रु.) | ४७४२१४७६ | १२.९ | २८४७४०८ | ०.३ |
| बाह्य स्रोत (रु.) | २१८९१७६०८ | ५९.८ | ६८७८३१५०३ | ८४.५ |
| **जम्मा** | ३६,६२,८२,९०४ | १००.० | ८१,४३,७१,९९४ | १००.० |

## ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

नगरपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ :

- नगरपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेको छ ।
- नगरपालिकामा दरबन्दी तेरिज रहेको छ, संगठन संरचना तयार भई स्वीकृत हुन बाँकी छ ।
- राजस्व शाखामा राजस्व अधिकृतसहित एक खरिदार, एक सहायक कम्प्युटर अपरेटर तथा एक कार्यालय सहायक गरी कुल चारजना कर्मचारी कार्यरत रहेका छन् ।
- वडा कार्यालयहरुमा वडा सचिव, कार्यालय सहायक सहित सामान्यतया दुई जना कर्मचारी कार्यरत रहेका छन् ।



राजस्व शाखा



नगरपालिकामा राजस्वसम्बन्धी भौचर र सम्बन्धित कागजपत्रको फाइलिङ पद्धति

- नगर कार्यपालिकाको कार्यालय सहित सबै वडा कार्यालयमा कम्प्युटर, इन्भर्टर सहित राजस्व सफ्टवेयरको व्यवस्था रहेको छ । सबै वडा कार्यालयबाट कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ गर्ने गरेको भए पनि पर्याप्त कर्मचारी लगायत अन्य कारणले हातले लेखी कागजी बिल पनि काट्ने गरिएको पाइन्छ । हाते बिल बढी काट्ने वडाहरुमा १, २, ३, ६, ९ र १० रहेका छन् ।
- कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५, घर जग्गा बहाल कर व्यबस्थापन कार्यविधि, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्यविधि तयारी भइरहको छ ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण भएको छ ।
- स्थानीय तहको राजस्व प्रशासन र व्यबस्थापन सम्बन्धी विषयमा विशिष्ठीकृत तालिम, अध्ययन, अवलोकन भ्रमण लगायत क्षमता विकासका कृयाकलापहरु भने हुन सकेको देखिदैन ।

## ४.५. राजस्व परिचालनमा रहेका सवालहरू

यस नगरपालिकाले राजस्व अधिकार क्षेत्रभित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि अन्य कतिपय शीर्षकहरुमा राजस्व संकलन गर्न बाँकी रहेको छ । समग्रमा यस नगरको राजस्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ :

**क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास**



राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको कार्यवातावरण हुनु आवश्यक छ। वडास्तरमा पर्याप्त कर्मचारी नभएको कारण कम्प्युटर, इन्भर्टर र राजस्व सफ्टवेयर भएर पनि हाते बिल प्रयोग गर्ने गरिएको छ । राजस्व शाखाका लागि पर्याप्त स्थानको कमी रहेको देखिन्छ । राजस्व शाखामा एकजना राजस्व अधिकृतका अतिरिक्त थप तीन जना कर्मचारी कार्यरत छन् । वडा कार्यालयहरुको हकमा एकजना वडा सचिव र एकजना सहायक कर्मचारी कार्यरत रहेको देखिन्छ । कार्यबोझका आधारमा कर्मचारी कम रहेको देखिन्छ ।

**ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

हाल नगरपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

**ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

नगरपालिकाले आय परिचालन सम्बन्धी सम्पत्ति व्यवस्थापन, घरबहाल, नदीजन्य पदार्थ बाहेक अन्य क्षेत्रहरुमा समेत कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् । साथै नगरपालिकाले हाल आर्थिक ऐनमा समाबेस गरेका शिक्षा तथा स्वास्थ्य विकास कर र बाटो मर्मत, पर्याबरण संरक्षण तथा सवारी दस्तुरको कानूनी बैधतामा पनि प्रश्न उठ्न सक्ने देखिएको छ ।

**ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । नगरपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोगसँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिन सकेको देखिदैन । यसका अतिरिक्त राजस्व प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा अवलम्बन गर्न सकेको देखिदैन ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा नेपाल

सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिेशन दस्तुरको बाँडफँटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजस्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग पर्याप्त समन्वय कायम नहुँदा ती निकायबाट नगरपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त हुन सकेको देखिदैन ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद – ५
# राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

